दैनिक
# लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ८१ | बुटवल | २०८२ चैत ०७ गते, शनिबार | नेपाल संवत ११४६ | Saturday March 21, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं**

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

**सुपर काइनेटिक कुरियर्स सर्भिस**

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१


## रास्वपालाई भोट हाल्नेलाई कारबाही : प्रचण्ड



बुटवल । नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्डले फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा रास्वपा उम्मेदवारलाई भोट हाल्ने नेता पत्ता लगाएर कारबाही गर्ने चेतावनी दिएका छन् ।

जनवर्गीय संगठनहरुका नेताहरुको बैठकलाई बिहीबार पार्टी कार्यालय पेरिसडाँडामा सम्बोधन गर्दै प्रचण्डले केन्द्रीय सदस्यहरुले नै आफ्नो पार्टीका उम्मेदवारलाई भोट नहालेको रिपोर्ट आएको जानकारी दिए ।

५० प्रतिशत भोट रास्वपाको चुनाव चिह्न घन्टीमा गएको रिपोर्ट आएको जानकारी गराउँदै उनले को-कोले भोट हालेनन् केन्द्रीय सदस्यमध्ये, प्रदेश सदस्य, जनवर्गीय संगठनका नेताहरु कसले भोट हालेनन्, त्यो रिपोर्ट दिनैपर्ने र तिनलाई कारबाही गर्नैपर्ने बताए ।

आफ्नो पार्टीलाई भोट नदिएर रास्वपालाई भोट हाल्नेहरुमाथिको कारबाहीको सुरुवात केन्द्रीय सदस्यबाटै हुने बताए । 'नत्र भने पार्टी बनाउन सकिँदैन । तिनलाई कारबाही गरिन्छ । सबभन्दा पहिला सुरु गरिन्छ केन्द्रीय सदस्यबाट ।'- प्रचण्डले भने ।

पार्टी पुनर्गठनको सुरुवात पनि यहीँबाट हुने प्रचण्डको भनाइ छ । 'फिफ्टी पर्सेन्ट घण्टीमा गए भन्ने जनरल रिपोर्ट आएको छ । हामीले भनेका छौं ठोस रिपोर्ट ल्याउनुहोस्,' प्रचण्डले भने-'कोले हालेन, कोको घण्टीतिर गएको देखियो, तिनलाई हामी आँखा चिम्लेर कारबाही गर्छौं, अहिले । पार्टी पुनर्गठन यहीँबाट सुरु हुने हो ।'

जेनजी आन्दोलनपछि नेकपा माओवादी केन्द्र र एकीकृत समाजवादीसहित दुई दर्जन बढी कम्युनिस्ट घटक एकता गरी नेपाली कम्युनिस्ट पार्टी गठन गरिएको थियो । सार्वजनिक कार्यक्रमहरुमा संयोजक प्रचण्डले फागुन २१ को चुनावबाट सबैभन्दा ठूलो दल बन्ने भाषण गरेका थिए । तर रास्वपाले प्रत्यक्षमा १२५ सिट जित्दा नेपाली कम्युनिस्ट पार्टी ८ सिटमा सीमित भयो । प्रचण्ड रुकुम पूर्वबाट निर्वाचित हुँदा सहसंयोजक माधवकुमार नेपाल गृहजिल्ला रौतहटमै पराजित भए ।

चुनाव लगत्तै नेपाली कम्युनिस्ट पार्टीले तल्लो कमिटीमा सर्कुलर गरी चुनावको समीक्षा रिपोर्ट पठाउन भनेको छ । हाल रिपोर्ट संकलनको काम जारी रहेको केन्द्रीय कार्यालयका एक कर्मचारीले बताए ।

» *बाँकी ३ पेजमा*

## एक नेपाली इरानको कब्जामा

बुटवल । इरानले होर्मुज क्षेत्रबाट एक जना नेपालीलाई पक्राउ गरेको छ । परराष्ट्र मन्त्रालयले शुक्रबार आयोजना गरेको पत्रकार सम्मेलनमा होर्मुज क्षेत्रबाट एक नेपालीलाई पक्राउ गरेको जानकारी दिएको हो । पक्राउ परेका व्यक्ति अमृत झा रहेको बताइएको छ ।

परराष्ट्रको पश्चिम एसिया महाशाखाका प्रमुख रामकाजी खड्काले पत्रकार सम्मेलनमा होर्मुज क्षेत्रबाट एक जना नेपालीलाई पक्राउ गरेको बताएका हुन् । होर्मुज क्षेत्रमा पानी जहाजमा काम गर्ने क्रममा ईरानले जहाजका सबै क्रु मेम्बरलाई नियन्त्रणमा लिएको थियो । सोही क्रममा उनी पनि परेका हुन् । पक्राउ परेको विषयमा आफन्तहरूले परराष्ट्रलाई जानकारी गराएका थिए ।

## कांग्रेस केन्द्रीय समिति बैठकमा के भयो ?

बुटवल । नेपाली कांग्रेसले फागुन २१ को प्रतिनिधिसभा निर्वाचनमा पराजय हुनुको कारणहरूमध्ये गठबन्धन सरकारलाई पनि दोषी मानेको छ । पार्टी उपसभापति विश्वप्रकाश शर्माले केन्द्रीय कार्यसमितिको बैठकमा चुनावी समीक्षा प्रतिवेदन पेस गर्दै यस्तो उल्लेख गरेका हुन् ।

दुई ठूला दल मिलेर सरकार बनाएपछि त्यसले सरकारको गतिमा तिव्रताको तीव्र अपेक्षा बढ्यो,' प्रतिवेदनमा उल्लेख छ-'तर सरकारको प्रस्तुति रह्यो- औसत । यसले नागरिक पंक्तिमा नयाँ विश्वास जगाउने परको कुरा, नयाँ आशासमेत जागृत हुन सकेन ।'

उनले कांग्रेस-एमालेको सरकार बन्दा भएको ७ बुँदे सम्झौतामा उल्लेख भएका कुराहरू सम्बोधन गर्न नसक्नु पनि चुनावमा पराजय हुनुको कारण मानेका छन् ।

'दुई दलको सरकार बन्दा ७ बुँदे सम्भौता उल्लेख थियो- संविधान समयानुकूल संशोधनको विषय । तर कार्यदलसम्म गठन भएन । संघीयतामा देश पुगेको दशक पुग्न लाग्दा पनि प्रदेशलाई दिनुपर्ने अधिकार दिन ढिलाइ रहिरह्यो । विद्यालय शिक्षा विधेयकका लागि शिक्षकले आन्दोलनमा उत्रिनुपर्ने, सम्झौतापछि पनि शिक्षा विधेयक, निजामती कर्मचारीसम्बन्धि विधेयक सहज टुंगोमा नपुग्ने । यी बसले तत् तत् क्षेत्रमा असन्तुष्टि चरम बन्दै गयो,' प्रतिवेदनमा उनले उल्लेख गरेका छन्-'बजेट निर्माण गर्दा अर्घेल्याइँ भएको भन्दै चर्को असन्तुष्टि संसदमै पोखियो । नागरिक पंक्तिमा त्यसले सकारात्मक सन्देश विल्कुलै दिएन ।'

उनले चुनावमा पराजित हुनुमा अर्को कारण सामाजिक सञ्जालको विषय पनि उल्लेख गरेका छन् ।

'सामाजिक सञ्जाल बन्द गर्ने निर्णय गठबन्धनको सहमति बेगर आयो । गर्नुपर्ने काम नगर्ने, नगर्नुपर्ने कर्ममा हात हाल्ने गतिविधिले दुष्परिणाम जन्माउने हेक्का राखिएन । फलतः त्यसले जेनजी विद्रोहका लागि जमिन तयार भयो ।' अर्जुननरसिंह केसीले विशेष महाधिवेशन नगरेर चुनावमा गएको भए कांग्रेसको अवस्था अहिलेको भन्दा कमजोर हुने दाबी गरेका छन् । शुक्रबार पार्टीको केन्द्रीय समिति बैठकपछि पत्रकारसँग कुराकानी गर्दै केसीले विशेष महाधिवेशन गरेर गएकै कारण कांग्रेस दोस्रो भएको दाबी गरेका हुन् ।

'विशेष अधिवेशनले नयाँ नेतृत्व, नयाँ गऱ्यो । अनि अहिलेको पराजयको लागि वातावरण ।'

» *बाँकी ३ पेजमा*

### लुम्बिनीमा अन्तर्राष्ट्रिय शान्ति महोत्सव :

# 'लुम्बिनी आध्यात्मिक पर्यटनको विश्वस्तरीय गन्तव्य'

**विश्वमा बढ्दो द्वन्द्व, असहिष्णुता र मानसिक विभाजनका चुनौतीबिच बुद्धका शिक्षाहरूको महत्व अझ बढ्दै गएको सरोकारवालाको निचोड छ ।**




**लुम्बिनी संवाददाता**

*बुटवल*

विश्वमा शान्ति, करुणा र सद्भावको सन्देश फैलाउने उद्देश्यसहित बुद्ध जन्मस्थल लुम्बिनीमा तीन दिने लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्सव-२०२६ सुरु भएको छ ।

चिनियाँ दूतावासको विशेष संयोजनमा आयोजना गरिएको यो महोत्सवमा ध्यान, सांगीतिक प्रस्तुति (कन्सर्ट) र पिस म्याराथन समावेश गरिएका छन् । महोत्सवले विश्व शान्ति, अन्तर-सांस्कृतिक समझदारी र आरोग्य जीवनशैली प्रवर्द्धनमा जोड दिएको छ ।

तीनदिने महोत्सवअन्तर्गत शुक्रबार बिहान आयोजित ध्यान कार्यक्रमलाई सम्बोधन गर्दै संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री अनिलकुमार सिन्हाले लुम्बिनीलाई केवल ऐतिहासिक सम्पदा मात्र नभई विश्व मानवताको साझा धरोहरको रूपमा सबैले ग्रहण गर्नुपर्ने बताए । उनले वर्तमान विश्वमा बढ्दो द्वन्द्व, असहिष्णुता र मानसिक विभाजनका चुनौतीबिच बुद्धका शिक्षाहरूको महत्व अझ बढ्दै गएको उल्लेख गरे ।

मन्त्री सिन्हाले लुम्बिनी आध्यात्मिक पर्यटनको विश्वस्तरीय गन्तव्य भएको उल्लेख गर्दै सरकारले लुम्बिनीको दिगो विकास, संरक्षण तथा प्रवर्द्धनप्रति पूर्णरूपमा प्रतिबद्ध रहेको बताए । 'हामीलाई विश्वास छ, लुम्बिनीले विश्व शान्ति संवाद, अन्तर-सांस्कृतिक समझदारी तथा आध्यात्मिक चिन्तनका लागि एक विश्व केन्द्रको रूपमा भूमिका निर्वाह गर्न सक्छ र बुद्धका अनन्त सन्देशहरूलाई विश्वभर फैलाउन र नयाँ पुस्तालाई करुणा तथा सद्भावतर्फ प्रेरित गर्न मद्दत गर्नेछ ।'-मन्त्री सिन्हाले भने ।

बुद्ध जन्मस्थल लुम्बिनीसँग जोडिएका तिलौराकोट, देवदह र रामग्रामलाई विश्वशान्ति सहरको रुपमा विकास गर्न लुम्बिनी विकास कोष, स्थानीय समुदाय, मित्रराष्ट्र तथा आम सरोकारवाला सबैको सहकार्य जरुरी रहेकोमा उनले जोड दिए ।

'लुम्बिनी केवल ऐतिहासिक सम्पदा मात्र होइन, यो विश्व शान्ति र मानवताको पवित्र प्रतीक हो,' उनले भने-'करिब २६ सय वर्षअघि यही भूमिबाट बुद्धले दिएका करुणा, सहिष्णुता र समझदारीका सन्देश आजको विश्वका लागि झनै सान्दर्भिक बनेका छन् ।'

हालै संयुक्त राष्ट्र संघको महासभाबाट नेपालको प्रस्तावमा प्रत्येक वर्ष अप्रिल १५ लाई अन्तर्राष्ट्रिय आरोग्य दिवसका रूपमा मनाउने निर्णयलाई नेपाल सरकारले ऐतिहासिक उपलब्धिका रूपमा लिएको मन्त्री सिन्हाले उल्लेख गरे ।

उक्त निर्णयले नेपाली नागरिकलाई स्वस्थ जीवनशैली, मानसिक स्वास्थ्य संरक्षण र प्रकृतिसँग सन्तुलित जीवनप्रति विश्वव्यापी चेतना फैलाउने मन्त्री सिन्हाले बताए । महोत्सवले नेपालका हिमालय, प्राकृतिक स्रोत, आध्यात्मिक परम्परा र सांस्कृतिक सम्पदालाई आरोग्य पर्यटनको सम्भावित विश्व केन्द्रका रूपमा प्रस्तुत गर्ने लक्ष्य लिएको उनको भनाइ छ ।

'यो नेपालका लागि कूटनीतिक तथा सांस्कृतिक दृष्टिले ऐतिहासिक उपलब्धि हो, विश्वभरका मानिसहरूलाई स्वस्थ जीवनशैली अपनाउन, मानसिक स्वास्थ्यको संरक्षण गर्न, प्रकृतिसँग सन्तुलित जीवन बिताउन तथा सामाजिक सद्भावलाई बलियो बनाउन प्रेरित गर्ने सन्देश हो,' उनले भने-'नेपालमा रहेका हिमालय, प्राकृतिक स्रोत, आध्यात्मिक परम्परा र सांस्कृतिक सम्पदाहरु आरोग्यका अनुपम गन्तव्यहरु हुन्, यी आकर्षक गन्तव्यको सन्देश विश्वभर पुऱ्याउन बुद्धिज्मको उत्पत्ति र शान्तिको सन्देश दिने पवित्र भूमिमा आयोजित लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति महोत्वस सशक्त माध्यम पनि बनोस् ।'

मन्त्री सिन्हाले नेपालस्थित चिनियाँ राजदूतावास तथा अन्य सहयोगी संस्थाहरूको भूमिकाको प्रशंसा गर्दै नेपाल-चीनबिचको ऐतिहासिक र सांस्कृतिक सम्बन्धलाई थप सुदृढ बनाउने विश्वास व्यक्त गरे ।

'नेपाल र चीनबिचको सम्बन्ध भौगोलिक सीमाभन्दा पर, सांस्कृतिक र आध्यात्मिक रूपमा गहिरो रूपमा जोडिएको छ ।'-मन्त्री सिन्हाले भने । आगामी दिनमा बौद्धकालीन खेलहरूको संरक्षण र प्रवर्द्धनमा ध्यान दिने उनले प्रतिबद्धता जनाए ।

महोत्सवको पहिलो दिन बिहीबार साँझ चिनियाँ टोलीलाई स्वागत गर्न आयोजित कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत चाङ माओसिङले अहिले विश्वभर बढ्दै गइरहेको द्वन्द्वले शान्तिको खोजी भएको बताउँदै बुद्ध जन्मस्थलबाट सबैले त्यसको कामना गर्ने र सन्देश दिनेगरी यसखालको कार्यक्रम आयोजना गरिएको बताएका थिए ।

उनले विकास, सुरक्षा र शान्तिको लागि नेपालसँग सधैँ सहकार्य गरिरहेको बताउँदै आगामी दिनमा त्यसलाई निरन्तरता दिने प्रतिबद्धता जनाएका छन् ।

» *बाँकी ३ पेजमा*

## लुम्बिनी प्रादेशिक अस्पतालमा एमआरआई सेवा सुरु



बुटवल । लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा एमआरआई सेवाको शुभारम्भ गरिएको छ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले अस्पतालको ११६औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उक्त सेवाको उद्घाटन गरेका हुन् ।

लुम्बिनी प्रदेश सरकारको आर्थिक सहयोगमा एमआरआई मेसिन जडानपछि सेवा सञ्चालनमा ल्याइएको हो । सेवाग्राहीको बढ्दो चाप र जनअपेक्षालाई ध्यानमा राख्दै सीमित स्रोत र साधनको अधिकतम प्रयोग गरी सेवा प्रवाहलाई गुणस्तरीय बनाउँदै लगिएको जनाइएको छ ।

मुख्यमन्त्री आचार्यले लुम्बिनी प्रादेशिक अस्पताललाई थप उचाइमा पुऱ्याउन प्रतिष्ठानको रूपमा विकास गर्ने गरी पहल भइरहेको बताए ।

विशिष्ट र विशिष्टीकृत स्वास्थ्य सेवामा नागरिकको पहुँच थप सुनिश्चित गर्न प्रतिष्ठानको अवधारणा अघि सारिएको उनले स्पष्ट पारे ।

शुक्रबार बुटवलमा आयोजित वार्षिकोत्सव उद्घाटन कार्यक्रममा उनले प्रदेशभित्रै सबै प्रकारका रोगको उपचार सम्भव हुने गरी अस्पतालको सेवा विस्तारलाई प्राथमिकतामा राखिएको बताए ।

प्रदेश सरकारले सेवा विस्तारलाई प्राथमिकता दिएको उल्लेख गर्दै उनले सेवाग्राहीले सस्तो र सुलभ रूपमा गुणस्तरीय स्वास्थ्य सेवा पाउने वातावरण बनेको जनाए । 'एमआरआई मेसिन जडान भएपछि सेवाग्राहीले अब सस्तो र सुलभ ढंगले सेवा लिन पाउने अवसर प्राप्त भएको छ ।

स्वास्थ्यकर्मीहरूको मनोबल उच्च राख्न प्रदेश सरकारले आवश्यक कानुनी व्यवस्था समेत गरिसकेको उल्लेख गर्दै उनले जिम्मेवारीपूर्वक सेवा प्रवाह गरिरहेकोमा धन्यवाद व्यक्त गरे । साथै, अझ सक्रिय र समर्पित भएर जनसेवामा लाग्न उनले आग्रह गरे ।

अस्पताल विकास समितिका अध्यक्ष अजयमान श्रेष्ठ को अध्यक्षता तथा मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा स्वास्थ्य मन्त्री खेमबहादुर सारुले लुम्बिनी प्रादेशिक अस्पताल प्रदेशकै गौरव भएको उल्लेख गर्दै सेवा प्रवाहलाई अझ प्रभावकारी बनाउनेगरी काम भइरहेको बताए ।

» *बाँकी ३ पेजमा*




दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

पाहुर

२०८२ चैत ०७ गते, शनिबार

तपाईंका लागि...



## बिट्विन द लाइन्स...

'मनहरू मलाम मानसिकतामा कैद छन्
अर्थात् मनहरू निःशब्द छन्
एकोहोरो शून्य समय-परिवृत्तमा
मनहरू फर्किरहेछन् फर्किरहेछन्
मलामबाट फर्किरहेछन् ।'

– गीता पन्थ

('साँझ ढलेपछि' कविता संग्रहबाट)

**कथा**

# पुरानो डायरी

**विक्रम 'रूपासा'**

(विक्रम 'रूपासा'को यो कथा 'त्यो अतीतःयो वर्तमान' कथा संग्रहबाट साभार गरिएको हो । यो कथा संग्रह सन् १९६२ मा दार्जिलिंगका 'नवयुग नेपाली पुस्तक मंदिर'ले प्रकाशन गरेको थियो । यसको मुद्रण वाराणसीमा भएको थियो । दार्जिलिंग, बनारस पढ्न जाने नेपालीले यी साहित्यहरू नेपाल लिएर आउँथे । यो पुस्तक अर्घाखाँचीको एक व्यक्तिको घरमा 'परित्यक्त' अवस्थामा फेला परेको थियो ।

आजभन्दा ६ दशक पहिले दार्जिलिंगको वातावरण र त्यहाँ हिन्दू-ईसाई नेपाली समुदायबिचको अन्तरक्रियाको एक पाटो यो कथाले व्यक्त गर्दछ । कथामा भाषागत केही अतिसामान्य त्रुटीहरूमात्र सच्चाइएको छ ।–सं.)

(**एक**)

धेरै वर्षपछि फेरि नेपालबाट दार्जिलिंग आउने सौभाग्य पाएँ । यस घरी मसित मेरी श्रीमती पनि आएकी थिई । दार्जिलिंग आएको तीन दिनपछि हेल्डासित भेट भयो–चौरस्तामा । तिनी पनि अब दुईजना नानीको आमा भइसकिछिन् । तिनलाई देख्नेसाथ मलाई मार्थाको सम्झना आयो । अतीतको सुमधुर दिवसहरूको स्मृतिले मलाई सतायो । त्यसबेला मार्था, हेल्डा, डोरथी, सेलिना सबै हुन्थे । ऐले यिनीहरू कहाँ-कहाँ होलान् ? यी सबै जान्ने कौतुक इच्छा जाग्यो ।

त्यसदिन हेल्डाले हामीलाई आफ्नो घर लगेर सम्पूर्ण हाल सुनाइन् । मार्थाको मृत्यु भएको पनि दुई वर्ष भइसकेछ । यो दुःसम्वादले मलाई नमीठो लाग्यो । एकछिनपछि हेल्डाले बाकसबाट एउटा पुरानो साधारण 'एक्सरसाइज बुक' झिकेर मलाई दिँदै भनी-'दुई वर्षअघि मृत्यु-शैय्यामा हुँदा मार्थाले लेखेको डायरी हो यो । अन्तिम क्षणमा उसले–यो तपाईंलाई दिनु भनेर मकहाँ छाडेकी थिई । आज तपाईं आउनु भो–लिनोस् यो ।'

मैले खोलेर हेरें– प्रथम पृष्ठमै परिष्कृत अक्षरमा लेखिएको थियो– मार्था मेरी । अनि नामको वरिपरि लहरे फूल बुट्टा बनाइएको थियो । एकछिन पछि हेल्डासित बिदा लिएर म मेरी श्रीमतीसित आफ्नो डेरातिर फर्के । बेलुकी पख खाटमा ढल्किएर म त्यो डायरी पढ्न लीन भएँ । मेरी श्रीमती पनि छेवैमा बसेर सुन्न थाली ।

... ... ...

'...आजदेखि मैले यो डायरी लेख्न सुरु गरें । मेरा माता-पिता बाजे-बज्यूकै पालादेखि ईसाई धर्मावलम्बी हुनुहुन्थ्यो । उहाँहरू आफ्नो धर्मको कट्टर अनुयायी हुनुहुन्थ्यो । मैले उहाँहरूबाटै आफ्नो धर्मसम्बन्धी शिक्षा पाएकी हुँ । सन्त-एण्ड्र्यू गिर्जामा हामी प्रतिदिन प्रातः र सन्ध्याकालीन प्रार्थना गर्न जाने गर्थ्यौं । फादर विलियम मलाई औधी माया गर्नुहुन्थ्यो । उहाँ, मेरा माता-पिता सरह गुरुदेव हुनुहुन्थ्यो । म उहाँको खूबै श्रद्धा र भक्ति गर्थे ।

मेरो शैशव कसरी बित्यो– यो मलाई पूर्णतया थाहा छैन, यद्यपि मैले सत्रह वसन्त देखिसकेको थिएँ । यो अवधिसम्म मलाई कुनै कुरोको अभाव थाहा भएन । मेरो जीवनरूपी चरा आनन्दका समुधुर लहरहरूसित हातेमालो गर्दै उडिरहेको थियो– उन्मुक्त भएर ।

हामी सधैं गिर्जा जाँदा–एउटा छरितो, सुन्दर, काठको एकतल्ले घरको बाटो भएर जाने गर्थ्यौं । त्यो घरको धुरीनेर सानो चार कुने कालो काठमा सेतो रंगले सुन्दर अक्षरमा लेखिएको थियो–शान्ति निवास । एक बिहानी पख, म आफ्ना साथीहरू हेल्डा, डारेथी, हेलेन र सेलिनाहरूसित गिर्जा गइरहेकी थिएँ । ठीक शान्ति निवासको मुनि आइपुग्दा हामीले सुन्यौं– 'यीशुको बढाई । स्वर कुनै पुरुषको थियो । हामी सबैले एकैचोटि पछि फर्केर हेर्‍यौं–त्यही घरको झ्यालमा बसेर एउट युवक हाँसिरहेको थियो । हामी केही नभनी गिर्जातिर लाग्यौं । भोलिपल्ट पनि त्यहीं आइपुग्दा हामीले हिजो जस्तै आवाज सुन्यौं–'यीशुको बढाई ।' हामीले पछि फर्केर हेर्‍यौं, त्यही युवक झ्यालमा हाँसिरहेको थियो । मैले मनाही गर्दा-गर्दै पनि डोरथीले रिसाएर प्याच्चै भनी, हिन्दुका जस्ता टुपी मिन्दु होइनौं हामी, ए...।'

(**दुई**)

आज सन्ध्या-प्रार्थनामा म एक्लै गइरहेकी थिएँ । मेरा सबै साथीअघिबाटै गइसकेका थिए । म चाँहि कलेजमै अल्मलिनु परेकोले आज विशेष अबेर भएको थियो । शान्ति-निवासको मुनि आइपुग्दा मैले संकुचित भएर झ्यालतिर हेरें, तर त्यहाँ सधैं हाँसिरहने त्यो युवक थिएन । मलाई कस्तो-कस्तो नरमाइलो लाग्यो । किनकि प्रातः र सन्ध्याकालीन प्रार्थनामा गिर्जा जाँदा सधैं त्यस युवकलाई एक चोटि अवश्यै हेर्ने गरेकी थिएँ– मानौ यो एउटा नियमित कार्य भएको थियो–युवक मुस्काइरहेका हुन्थे । मलाई पृथ्वीमा नै स्वर्ग राजै जस्तो लाग्थ्यो । शिर निहुर्‍याएर यही कुरा सोंच्दै म अघि बढिरहेकी थिएँ । यस्तैमा कसैले मलाई बोलायो–'मिस् मार्था ।'

मैले पछाडि फर्केर हेरें–त्यही युवक उभिएर भन्दै थिए–'के हामीलाई तपाईंहरूको गिर्जा जानुमा विरोध छैन ?'

मैले लजाएर भनें-'हिन्दू, मुसलमान्, बौद्ध सबैका निम्ति हमेशा खुल्ला रहन्छ–गिर्जाको द्वार ।'

'उसो भए के ऐले म जान सक्छु ?'

मैले लजाएर भनें- 'हिन्दू, मुसलमान्, बौद्ध सबैका निम्ति हमेशा खुल्ला रहन्छ–गिर्जाको द्वार ।'

'उसो भए के ऐले म जान सक्छु ?'

'निश्चय सक्नु हुनेछ ।'

'तर पाद्रीहरूले कहीं मेरो धर्मको निन्दा त गर्दैनन् ?'

अहँ ! हाम्रा पाद्रीहरू तपाईंहरूका ढोंगी पुजारीहरू झैं धर्मको ठेकादारी गर्दैनन् ।' मेरो कुरा सुनेर युवक हाँसे । हामी गिर्जातिर लाग्यौं ।

... ... ...

गोपाल, त्यस युवकको नाम । नेपाल-उसको असली घर । दार्जीलिङ्–उनी पढ्न आएका हुन् । यहाँ उनी आफ्ना कान्छा बासित शान्ति निवासमा बस्छन् । यस घरी उनी स्थानीय कलेजको तृतीय वर्ष कलाका विद्यार्थी हुन् । उनीसित मेरा घनिष्टता त्यसबेला गिर्जा जाँदादेखि भएको हो ।

कलेजको बिदा भएको समयमा हामी एकान्त भेट गर्छौं । उनी आफूले लेखेका कविताहरू सुनाउँछन् । कहिले देवाकोटाको 'मुना-मदन' देखाएर भन्छन्-'सुन्यौ मार्था ! मुना-मदन पढेर म कहिल्यै अघाउदिनँ । यस काव्यको विश्वसाहित्यमा पनि प्रमुख स्थान छ । हाम्रा कति साहित्य–समीक्षक देवकोटालाई 'वर्डस्वर्थ' भन्छन् । तर मलाई त वर्डस्वर्थको 'प्रिल्यूड्' भन्दा देवकोटाको 'मुना-मदन' नै प्रिय लाग्छ । शायद जातीयताले यसो भएको होला ।'

फेरि कहिले चाँहि धर्म-सम्बन्धी तर्क हुन्छ । उनी हिन्दू धर्मको मर्म बुझाउने कोशिस गर्छन् । त्यसै अवसरमा उनले मलाई एउटा 'गीता' दिए अनि मबाट चाँहि 'बाइबल' लगे–स्मृति-चिन्छ भनेर ।

...हिन्दूहरूका पवित्र पर्व दिवालोको रात । धरती असंख्य बत्ती जलेका छन्–मानौ समग्र गगनका ताराहरू खसेका हुन् । सबै मानिसहरू बजारको रमाइलोमा मस्त छन् । हामी दुई चाँहि एकान्तमा बसेर भविष्यमा आउने दिवसहरूको विवेचना गर्न लागेका छौं । उनले आलिंगन गर्दै भने, 'मार्था ! यसरी हामी अरुदेखि लुकी-लुकी कहिलेसम्म मिल्न सकौंला र ? तर अब ता त्यो दिन पनि टाढा छैन–जब तिमी मेरो घरमा प्रवेश गर्नेछ्यौ-गृहलक्ष्मी बनेर । तब मात्र हामी समाजको सम्मुख छाती फुकाएर स्वतन्त्रसित घुमिहिंड्न सक्ने छौं । त्यसबेला कसैले हाम्रो विरोध गर्न सक्ने छैनन् । तर एउटा कुरा मार्था ! मेरो घरमा प्रवेश गरेपछि तिमीले ईसाई–धर्मको अवलम्बन त्यागेर हिन्दू-धर्मको संस्कारमा रहनु पर्दछ, बुझ्यौ...?'

त्यो दृढ आलिंगनदेखि विरत् भएर मैले भनें, 'तपाईंले भन्नुभए झै के तपाईं पनि आफ्नो धर्म त्यागेर ईसाई-धर्मका संस्कारमा रहन सक्नुहुन्छ ?'

'अहँ, कहिल्यै सक्तिनँ– मेरो धर्म त्यति कमजोर र सस्तो छैन, यद्यपि ईसाई आदर्श र महानताका अगाडि म शिर निहुर्‍याउँछु । फेरि तिमीहरूका धर्म-गुरु तथा पण्डितहरूको अवस्था देखेर भने म टिठ्याउँछु । अर्का थरीका ईसाईहरू–जो बजार र गल्ली-गल्ली हुँदो धर्मको जबरजस्त प्रचार गरी हिंड्छन्–तिनीहरूले झन् धर्मको महानतालाई त्याज्य बनाइरहेका छन् । धर्मको बुनियाद कमजोर पारिरहेका छन् र त मानिसहरू भन्दछन्–यो धर्म साह्रै सस्तो छ । तर यसमा दोषी छन् तिनीहरू–जो आफूलाई धर्मको सर्वेसर्वा सम्झन्छन् । नत्र के तिनीहरू कराउँदैमा मानिसले मुक्ति पाउँछन् ?'

मैले चर्को स्वरमा प्रतिवाद गरें, 'तर हाम्रा पाद्रीहरूले प्रोटेस्टेण्टका पास्टरहले झैं धर्मलाई दाल-भातको साधन बनाएका छैनन्, न कि यिनीहरू तपाईंहरूका पुजारीहरू झै व्यभिचारी र ढोंगी हुन्छन् ।'

'कुन्नि है, के ठेगान ? कुनै दिन गिर्जामा एक्ली, गुलाबकी फूल जस्ती देखेर तिमीलाई पनि...?' यति भनेर उनी बेसरी हाँसे । त्यो उपेक्षाको हाँसोले मलाई रुवायो, रोएँ ।

(**तीन**)

...म रोएँ बेसरी– जब इष्टरको रातमा फादर विलयमले आलिंगन गरी मलाई म्वाई खान खोज्यो । त्यसेबला गिर्जामा कोही थिएनन् । सबै सन्ध्या-प्रार्थना गरिसकेर घर फर्किसकेका थिए । त्यही जनशून्य एकान्तमा फादर विलियमले...। मेरो विश्वास हरायो स्वयं आफूप्रति, धर्मप्रति र ईसाई समाजप्रति । जिजस् ख्राइष्ट तथा मरियम्को सम्मुख घुँडा टेकेर शिर निहुर्‍याई पापीहरूको कल्याणार्थ प्रार्थना गर्ने पाद्री पनि मलाई ढोंगी जस्तो लाग्यो । अनि ईसाई समाजका ती लाटा-सुधा मानिसहरूलाई वाक्-चातुर्यले लट्ठाए आफ्नो मुठ्ठीमा ल्याउन खोज्ने ती धर्मका ठेकेदारीहरू पनि मलाई लाग्यो–पक्का जादुवाला हुन् । अनि मलाई सम्झना आयो, गोपालले भनेको थियो, '...कुनै दिन गिर्जामा एक्ली, गुलाबकी फूल जस्ती देखेर तिमीलाई पनि...।' अधूरो वाक्यपछि लुकेको रहस्य अब मैले बुझ्न थालें । तर यसमा मेरो के दोष ? पवित्र अमृतको गाग्रोबाट यसरी विष निस्कन्छ भन्ने मलाई के थाह ?

त्यसबेला फादर विलियमको सदा देखिने दिव्य, शान्त र गम्भीर मुहार रातो-रातो डरलाग्दो भएको थियो । उनका आँखाहरूमा प्रत्यक्ष वासना झल्कन्थ्यो । उनको त्यो दृढ आलिङ्गनदेखि विरत् हुँदै मैले भनें, 'अरे ! तपाईं...यो के गर्नु हुँदैछ ? यस्तो पवित्र स्थानमा यस्तो घृष्टता गर्नु तपाईंको विवेक खोई ? उसमाथि तपाईं मेरो पितातुल्य हुनुहुन्छ...।' म रिसले थर्-थर् काँपिरहेकी थिएँ ।'

उनले आफ्नो अनुहारमा स्वाभाविकता ल्याउन खोजेर भने, 'हो, म तिम्रो पिता समान छु, अनि तिमी मेरी पुत्रीतुल्य । तर मार्था ! यस घरी तिमीले आफ्नो हृदयमा अपवित्र भावनाहरूलाई स्थान दिएकी छ्यौ, त्यसोर ऐले तिमी नराम्रा विचारहरू सम्झन्छ्यौ र ममाथि अपराध चिताउँदैछ्यौ । नत्र के एउटा पिताले आफ्नी पुत्रीलाई प्यारले म्वाई खान हुँदैन र ?'

उनको त्यो कृत्रिम भनाइ मैले बुझें, उनको आदर्श, उनको हृदय पनि बुझें, किन्तु म केही नबोली ढोका खोलेर बाहिर निस्कें । त्यो अप्रत्याशित घटनाले मेरो चिर-सिद्धान्तलाई धमिल्यायो । मैले अठोट् गरें–अबदेखि म कहिल्यै गिर्जाभित्र पस्ने छैन...।

... ... ...

साँझ परिसकेको थियो । शहरमा बत्तीहरू बलिसकेका थिए । म आफ्नो कोठामा फ्रान्सेली लेखक मोपासाको उत्कृष्ट उपन्यास 'यूनीभाई' को नायिका 'जेनी'को दुःखद जीवनसित आफ्नो जीवनको अनुभूतिहरूको तुलना गर्न लागेको थिएँ । पिताज्यू आएर भन्नु भो, 'मार्था ! एक सातादेखि तँ गिर्जा गएकी छैनस् रे ! के भो तँलाई हँ ?'

'शरीर अलिक सञ्चो छैन, बुवा !'

'हँ, के हुन्छ, डाक्टर बोलाऊँ ?'

'होइन निको छ बुवा ! हिजो फादर विलियमले गोपालको विषयमा कुरा गर्नु हुँदैथ्यो ।'

'के भन्नु हुन्थ्यो बुवा !'

एकक्षण मौन रहेर पिताज्यूले भन्नु भो, 'जे होस्, गोपाल हिन्दू युवक हो । त्योसित तेरो सम्बन्ध हुनु उचित छैन । त्यसो गर्नाले हाम्रो इज्जत, धर्म आदिमा धब्बा लाग्नेछ । हेर बाबु ! तँलाई मैले पढाएर यतिको शिक्षितासम्म बनाएँ । तँसित अब विवेक छ । जसो गर्नाले उचित हुन्छ उसै गरेस् है । तँ हाम्रो एक मात्र सन्तान हुनाले तँलाई मैले पूर्ण स्वतन्त्रता दिएको छु । कहीं त्यो स्वतन्त्रताको दुरूपयोग चाहिं नगरेस् है ।' यति भनेर पिताज्यू बाहिर जानु भो ।

मलाई नरमाइलो लाग्यो । मैले अनुभव गरें– मेरा सुखका दिनहरू अब बितिसके छन् । मलाई रुन मन लाग्यो । त्यो रातभरि म रोइरहें ।

(**चार**)

आइतबारको घमाइलो दिन । घरमा म सिवाय अरू कोही छैनन् । म आफ्नो कोठामा पिताज्यूका निम्ति स्वेटर बुन्न लागेकी छु । मेरा दुवै हातका औंलाहरू यन्त्रवत् काँटामाथि धागो चढाउनमा व्यस्त छन् । म आफ्नै विचारमा मस्त छु । मेरो मस्तिष्कमा अशान्तिका ज्वालाहरू दन्किरहेका छन्, हृदय असन्तुलित छ । कहिले-कहिले त गोपालसित सुइत्त भागेर जाउँ कि जस्तो पनि लाग्दैछ । तर फेरि पिताज्यूका वचनहरूले मलाई झस्काउँछ । म के गरूँ, कसो गरूँ भएर छट्पटिरहेकी छु । गोपालसित भेट नभएको पनि धेरै भयो...। यस्तै विचार-धारामा बग्न लागेको म टक्क अडिएँ ।

'के गर्दैछ्यौ मार्था !' ढोकामा हेल्डा थिई ।

'ए तिमी ! भित्रै आउन', यति भनी तिनलाई मैले भित्र ल्याएर बसाएँ । तिनले एउटा नीलो खाम दिँदै भनी, 'हिजो बजारमा गोपालसित भेट भएको थियो । उनले यो पत्र तिमीलाई दिनु भनेर दिएका थिए ।'

मैले हतार हतार खाम च्यातेर पत्र हेरें । सारांशमा पत्र यस्तो थियो, '...भेट नभएको पनि धेरै भइसक्यो । कतिपल्ट तिमीलाई भेट्न भनेर गिर्जामा गएँ, तर तिमी ता आजकल घरदेखि बाहिर पनि निस्कन्नौ रे ! कलेज आउन पनि छाड्यौ, सुन्दछु गिर्जा पनि जान छाड्यौ रे, तिमीलाई के भो हँ ?

विशेष भोलि बिहानै म नेपाल जाँदैछु । वहाँ आमा बिमारीले सिकिस्त हुनुहुन्छ रे । 'जसरी भए पनि चाँडै आउँनु' भनेर बाले तार गर्नुभएको थियो । मलाई शंका छ–कहीं आमाको अनुहार पनि हेर्न पाइने हो कि वा...।

प्रिय मार्था ! अब हाम्रो सम्बन्ध पनि यत्तिकै रहला जस्तो लाग्दैछ । अस्ति एक चोटि तिमीलाई भेट्छु कि भनेर गिर्जा गएको थिएँ । एकान्तमा बोलाएर फादर विलियम र एक जना अन्य मानिसले (शायद तिम्रा बा हुनुहोला) मलाई बेसरी हपारेर–अब उप्रान्त गिर्जामा कहिल्यै नआउने आदेश दिए । म केही नबोली फर्के ।

ऐले ज्यादै हतार छ । घरपुगेपछि अरू लेख्नेछु । जानेबेलामा तिमीसित भेट भएको भए हुन्थ्यो, तर त्यो पनि...।'

पत्र पढिसकेर मलाई रुन मन लाग्यो, म बेसरी रोएँ । हेल्डाले धेरै प्रकारले सम्झाउँन थाली । तर मन भने मान्दैनथ्यो ।

त्यही बेलुकी आमाबाट थाह पाएँ– पिताज्यूले मेरो विवाह माईकलसित गर्ने चाँजो मिलाउनु भएको रहेछ । यो पनि थाह पाएँ–यसमा ठूलो हात फादर विलिमयको रहेछ । यो विवाह आउँदो क्रिसमसको उपलक्ष्यमा हुने तय गरिएको रहेछ ।

मलाई अचम्म लाग्यो । माईकल जस्तो चरित्रहीन युवकसित मेरो विवाह गर्ने विचार पिताज्यूले कसरी गर्नु भो ? धेरैलाई थाहा छ– आजभन्दा एक वर्ष अघि माईकलले एउटी युवती लिजाको नारीत्व लुटेको थियो । पछि माईकलले होइन भनेर जिद्दी गर्‍यो । ईसाई समाजको बदनाम हुन्छ भनेर फादर विलियम तथा अरू गण्यमान्य व्यक्तिहरूले यस कुरालाई लुकाएर राखे । यो कुरो मलाई लिजाले रुँदै भनेकी थिई ।

त्यस्ता चरित्रहीन, भ्रष्ट-युवकसित मेरो भावी जीवन कसरी व्यतीत होला ? मैले कल्पनासम्म पनि गर्न सकिनँ । यदि म, मातापिताको विचारमा सहमत भइँन भने उहाँहरूले अवश्य ठूलो विरोध गर्नु हुनेछ । बरू त्यसभन्दा अघि नै...। मेरो मस्तिष्क रन्क्यो । मलाई चक्कर आउन थाल्यो । आँखाको सम्मुख तिरिमिरि देखिन थाल्यो...अहो ! म भुईंमा लडें...।

जब मेरो चेतना जाग्यो, मैले देखें– मेरो वरिपरि डाक्टर, नर्स, माता-पिता र अरू छिमेकीहरू उभिएका थिए ।

... ... ...

एक महिनादेखि म यो आरोग्य भवनको एग्घारह नम्बरको खाटमा लडिरहेकी छु । म क्षयको बिरामी भएँ रे...। यो बिरामीको पहिलो अवस्था रे । मकहाँ आएर आमा रुन्छिन्, साथीहरू सान्त्वना दिन्छन् । फादर विलियम र माईकल आएका थिए, तर म उनीहरूसित एक वचन पर्यन्त बोलिनँ ।

एक दिन गोपालको पत्र पाएँ । उनकी आमाको मृत्यु भएछ । (उसको आत्माले शान्ति पाओस्) अब उनी दार्जीलिङ नआउने रे । आफ्नो बाको जग्गा-जमीन सम्हालेर उतै बस्ने रे...। यो पत्र पाएदेखि म झन्‌झन् मृत-प्राय हुन लागेकी छु । छाती बेसरी दुख्छ, खोक्दा खकारसित रगतको फाल्सा निस्कन्छ । मलाई लाग्दैछ–अब मेरो मृत्यु निश्चित छ । हिजो डाक्टरले पिताज्यूसित मेरो ओपरेशन् गर्नुपर्छ भन्नु हुन्थ्यो । तर म सहमत भएकी छैन । मैले त मृत्युलाई आह्वान गरिरहेछु । बाँच्नु पनि अब किन ? कसका निम्ति ?

यो आरोग्य भवनमा बसेको पनि दश महिना हुनलाग्यो । रोग केही कम भएको छैन । अझ बढेर जाँदो छ । उता अब क्रिसमस् आउन पनि पन्ध्र दिन मात्र बाँकी छ । माईकल र फादर विलियम शायद विवाहको तयारीमा मस्त होलान् । यहाँ म चाहिं अनन्न पथको यात्रा सुरु गरिरहेछु । हिजो रातीदेखि ज्वरोले पनि बेसरी समातेको छ ।

सम्भव छ–शायद आजको रातमा नै मेरो अनन्त-यात्रा सुरु हुने हो कि ? अब मेरो शेष घडी आइरहेछ । यो अन्तिम क्षणमा गोपालको दर्शन पाएकी भए, मेरो यात्रा सफल हुने थियो, तर त्यो पनि...।

अब मसित यो डायरी लेख्न सक्ने क्षमता पनि छैन । कदाचित् मेरो यो डायरी अधूरै त रहँदैन ? जीवनको कुनै क्षणमा गोपालको हातमा यो डायरी पुगे उसको दृष्टिमा म निरपराधिनी ठहरिने छु, सत्य प्रेमको एउटा सानो नमूना उसले थाह पाउने छ । बस् यति भए मलाई पुग्यो । मेरो जीवन सार्थक् हुनेछ...। आह ! मेरो कलम अब अघि सर्दैन..., सर्दैन ।'

... ... ...

मेरा आँखाहरू आँसुले रसाइसकेछन् । मेरी श्रीमती पनि सारीले आँसु पुछ्न लागेकी थिई । केही क्षण मौन रहेर मेरो हातबाट त्यो डायरी खोस्दै रोदित् स्वरमा श्रीमती भनी-'कति मर्मस्पर्शी डायरी–कथा-कहानी जस्तो ।' म निरुत्तर रहें । मैले झ्याल खोलेर बाहिर हेरें–रात निकै बितिसकेको थियो ।

# शेक्सपियरको 'ह्याम्लेट'

**राजनारायण प्रधान**

ह्याम्लेटका पिताको मृत्यु अनौठो प्रकारले भएको हुन्छ, बगैंचामा सुतिरहेको बेला सर्पले डसेर मरेको हो भन्ने हल्ला हुन्छ । पिताको मृत्युमा उसको मनमा ठूलो चोट पर्छ, अझ पिताको मरण हुनासाथ काका क्लडियसले आमालाई बिहे गरेर राजगद्दीमा बसेको हुनाले उ मर्माहत हुन्छ । शोकले गर्दा राजकुमार दिन-दिनै खिन्न र मलिन हुँदै जान्छ । उसले यति दिनसम्म बरखी बारेको देखी राजा र रानीलाई ठीक लाग्दैन । दुवैलाई लाग्छ उनीहरूको विवाहले गर्दा ह्याम्लेट दुःखी भएको हो । होरेशियो उसको एक मात्र साथी छ जोसित उसले सर-सल्लाह लिन सक्छ । एक दिन महलका चारैतिर पहरा दिइरहेका सिपाहीहरूले लगातार तीन रातसम्म एउटा प्रेतलाई देखे भन्ने हल्ला ह्याम्लेटका कानमा पर्छ । त्यो प्रेत मध्यरातमा देखापर्दथ्यो । त्यसले मरेका राजाको जस्तो कवच लगाएको थियो । ह्याम्लेटले प्रेतलाई भेट्ने इच्छा गर्छ । उसलाई त्यो उसका बाबुको प्रेत हो भन्ने लाग्छ र एक रात उ प्रेतका पछि-पछि जान्छ । एकान्त पारेर प्रेतले भन्छः

'बगैंचामा सुतेको बेला मलाई सर्पले डसेको हो भन्ने एउटा बहाना मात्र हो । यति ठूलो झूट डेन्मार्कका कानमा हालिएको छ । तर म भन्न चाहन्छु, ए कुलीन युवा ! तिम्रा पितालाई डस्ने सर्पले अहिले आफ्नो शिरमा ताज ओडेको छ !'

ह्याम्लेटलाई लाग्छ उसको मनको शंकालाई प्रेतको कुराले टेवा दिएको छ । बाबुको हत्याको बदला लिने उसले प्रण गर्छ ।

हटाउनेछु मेरो स्मृतिको सूचीबाट
तमाम क्षुद्र लेखाहरू
तमाम किताका सूक्तिहरू
तममा पुराना रेखाहरू
तमाम चित्रहरू
जुन यौवनले यहाँ उतारेको थियो ।
अब मेरो मगजको किताबमा
फगत् रहनेछ तिम्रो हुकुम !

अब ह्याम्लेटले पागलपनको घुम्टो ओढेर हिंड्ने निश्चय गर्छ । यो कुरा उसले होरेशियालाई बताउँछ । उसले अझ पनि काकाको अपराधका प्रमाणहरू खोज्नु छ, प्रेतले उसलाई भूल निर्देश पनि गर्न सक्छ । ह्याम्लेटको पागल व्यवहार देखेर सबै छक्क पर्छन्, तर पोलिनियस (राजाको मन्त्री)लाई लाग्छ ह्याम्लेट उसकी छोरी ओफेलियाको प्रेममा बहुला भएको हो । पोलिनियसले राजाको अघि ह्याम्लेटले ओफेलियालाई लेखेको चिठीहरू पढेर सुनाउँछ अझ पोलिनियसले ती दुई प्रेमीहरूको भेट गराउने र लुकेर उनीहरूको वार्तालाप सुन्ने चाँजो मिलाउँछ । राजालाई यस पागलपनको कारण ओफेलियाको माया हो भन्ने लाग्दैन र राजाले ह्याम्लेटका दुइजना साथीहरू रोजेनक्रात्स र गिल्डन्स्टर्नलाई उसको चियो गर्नको निम्ति बोलाई पठाउँछन् । ती दुई आइपुग्छन् । ह्याम्लेटले ती दुईलाई स्वीकार गर्न लगाउँछ । मान्छेको मति भ्रम भएको देखी ह्याम्लेट उदास र विरक्त बन्दछ ।

क्लडियसले नै पिताको हत्या गरेको हुन् भन्ने कुरा ह्याम्लेटले निश्चय गर्न सकेको छैन । यसैले यस कुराको पत्तो लाउने उसले निश्चय गर्छ । संयोगवश त्यसबेला घुम्दै घुम्दै नाटक खेल्नेहरूको एक दल त्यहीं राजदरबारमा आइपुग्छ । ह्याम्लेटलाई 'गन्ज्यागोको हत्या' भन्ने खेलको सम्झना हुन्छ । ह्याम्लेटले ती नाटक खेल्नेहरूलाई भनेर त्यसमा केही पंक्तिहरू थप्छ र ठीक आफ्नो पितृहत्याको परिस्थितिसँग त्यसलाई मिल्ने बताउँछ । अब त्यो नाटक दरबारमा देखाएर राजा र राजनीको प्रतिक्रिया हेर्ने ह्याम्लेट र होरेशियोले सल्लाह गर्छन् । भोलिपल्ट साँझमा राजा र रानी पनि खेल हेर्न आउने छन् भन्ने घोषणा हुन्छ । त्यस नाटकमा एकजना ड्यूकको हत्या हुन्छ जसको स्वास्नीले हत्यारासित बिहे गर्दछे । यो कथा डेनमार्कका राजाको हत्याका परिस्थितिहरूसँग ट्याप्प मिल्दछ । खेल हुँदा ह्याम्लेट र होरेशियाले अरुलाई थाहा नहुने गरी राजाको अनुहार नियालेर हेर्न थाल्छन् । नाटक हेर्दा हेर्दै राजा क्लाडियस आफ्नो अपराधको भावनाले समातेको जस्तो गरी झस्कँदै उठेर जान्छन् । सबै भारदारहरू छक्क पर्छन् । प्रेतले भनेको कुरो साँच्चै रहेछ भन्ने अब ह्याम्लेटलाई पक्का हुन्छ । पितृहत्याको बदला अब लिनैपर्छ भन्ने उसलाई लाग्छ ।

यो खेल हेरेर रानी पनि अत्यन्त व्यग्र हुन्छिन् र ह्याम्लेटलाई हप्काउनको निम्ति आफ्नो कोठामा बोलाउँछिन् । रानीको कोठामा जाँदा ह्याम्लेटले क्लडियसलाई आफ्नो कोठामा प्रार्थना गरिरहेको देख्छ । मौका राम्रो थियो, तर त्यस अवस्थामा उसले हत्या गर्न चाहँदैन । रानी ह्याम्लेटलाई पर्खिरहेकी छन्, पोलिनियस पर्दापछि लुकेर बसेको थियो । ह्याम्लेट र रानीको भनावैरी हुँदा रानी भयभीत भएर गुहार भन्न थाल्छिन् । पर्दा पछाडिबाट पोलिनियस पनि गुहार भन्दै कराउँछ । त्यतिबेला राजा सम्झी ह्याम्लेटले पर्दाभित्र नै पोलिनियसको हत्या गर्छ । रानी चिच्च्याएर भन्छिन्, 'अहो ! कस्तो जघन्य हत्या !'

ह्याम्लेट भन्छ, 'जघन्य हत्या ! अँ मेरी आमा, राजालाई मारेर उसकै भाइलाई बिहे गर्नु जस्तै जघन्य !' यसपछि ह्याम्लेटले आमालाई धेरै विदग्ध कुरा भन्छ । रानीले सोध्छिन् उनले के यस्तो कर्म गरेकी छन् जसले गर्दा ह्याम्लेट यति अशिष्ट र धृष्ट छ । आमाको कर्म कति निकृष्ट छ ह्याम्लेटले कठोर शब्दमा भन्छः

'यस्तो कर्म
जसले नारीको लावण्य र लालिमा धमिल्याएको छ
जसले नारीको सतीत्वलाई एउटा ढोंग बनाएको छ
निर्दोष प्रेमको सुन्दर शिरबाट

» बाँकी ३ पेजमा

# युद्ध लम्बिए इन्धन संकट बढ्ने जोखिम

बुटवल। मध्यपूर्व तनाव (इरान र इजरायल युद्ध) को असर नेपालमा पनि देखिन थालेको छ। आयातमा आधारित नेपालको अर्थतन्त्र र पेट्रोलियम पदार्थको हिस्सा करिब १७ प्रतिशत भएकाले मुद्रास्फीति तथा आपूर्ति श्रृंखला प्रभावित हुने जोखिम देखिएको हो।

नेपालको कुल आयातमध्ये करिब १७ प्रतिशत पेट्रोलियम पदार्थको छ। कुल आयातको करिब ६५ प्रतिशत हिस्सा भारतबाट हुने गर्छ। मध्यपूर्वको तनाव लम्बिएको खण्डमा भारतको बजार पनि प्रभावित हुने भएकाले नेपालमा असर पर्नु स्वभाविक हो। पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्य प्रतिब्यारेल १० डलरले वृद्धि हुँदा ०.४ प्रतिशत विन्दु मुद्रास्फीति थपिने आइएमएफको एक अध्ययनले पनि देखाएको छ। पेट्रोलियम पदार्थको मूल्य बढ्नेबित्तिकै सम्पूर्ण वस्तु तथा सेवाको लागत बढ्ने अर्थशास्त्री डा. गुणाकर भट्टले बताए।

अन्तर्राष्ट्रिय मुद्रा कोष आईएमएफले गरेको अध्ययन अनुसार एक वर्षसम्म प्रतिब्यारेल १० डलरले तेलको मूल्य बढ्यो भने ०।४ प्रतिशत बिन्दुले मुद्रास्फीति बढ्छ अर्थात् प्रतिब्यारेल २५ डलरले तेलको मूल्य बढ्यो भने एक प्रतिशत विन्दुले महँगी बढ्छ।

ऊर्जा संकटको असर समग्र आर्थिक गतिविधिमा पर्ने बताउँदै डा. भट्टले यातायात ढुवानी, होलसेल, रिटेल सबैलाई प्रत्यक्ष असर पार्ने तर्क गरे। नेपालको सन्दर्भमा मूल्य समायोजन अनियन्त्रित रहेको बताउँदै उनले पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि अहिले नै सबै क्षेत्रमा हस्तान्तरण भइनसकेको जानकारी दिए। यसको असर दुई-तीन महिना ढिला गरेर देखिने उनको भनाइ छ। तर, अमेरिका, युरोपमा असर देखिन थालेको उनले बताए।

ती क्षेत्रमा मूल्य समायोजन छिटो हुने भएकाले पनि असर देखिन थालिसकेको उनको भनाइ छ। तेलको मात्रै नभएर अरू सबै खाद्यान्नदेखि जुन-जुन वस्तु आयात हुन्छ उत्पादन, निर्माण, इन्डस्ट्रियल र मेटेरियल सम्बन्धी सबै उत्पादनको मूल्यवृद्धि हुने भट्टको भनाइ छ। दक्षिण एसियाका धेरै देशहरूले विकल्प प्रयोग गर्न थालिसकेको पनि उनले बताए।

नेपालमा तत्कालै रेमिट्यान्स र उपभोगमा सबैभन्दा ठूलो असर पर्न सक्ने भट्टको बुझाइ छ। त्यसैगरी पर्यटन पनि प्रभावित हुने देखिन्छ। रेमिट्यान्स प्रभावित भएपछि विदेशी मुद्राको सञ्चितिलाई पनि असर पुग्छ। साथै विदेशी ऋण तथा अनुदानलाई पनि प्रभाव पार्ने उनको विश्लेषण छ। युक्रेन र रसिया युद्धमा अहिलेकोभन्दा फरक अवस्था रहेको उनको भनाइ छ। मध्यपूर्व तनाबका बेला वैदेशिक रोजगारीमा गएका नेपालीको जन, धनको सुरक्षा गर्नुपर्ने भएकाले सरकारको ठूलो रकम खर्च हुन सक्ने अर्का अर्थशास्त्री डा. रमेश पौडेलले बताए। यसले भोलिका दिनमा अर्थतन्त्रमा अरू खालका चुनौती थपिन सक्ने उनले जनाए।

इरान-इजरायल युद्ध धेरै नलम्बिनेमा उनी आशावादी देखिए। नेटोले ट्रम्पलाई सपोर्ट गर्ने स्थिति नभएकाले लम्बिने सम्भावना कम रहेको उनको तर्क छ। मध्यपूर्वी तनावमा रसिया र चीनको संलग्नता भयो भने विश्व युद्धतिर जान सक्ने जोखिम रहेको उनको बुझाइ छ।

विश्वयुद्ध नै भएको खण्डमा पेट्रोलियम पदार्थ र एलपी ग्यासमा वैकल्पिक उपाय अवलम्बन गर्नुपर्ने उनले सुझाए। आन्तरिक उत्पादनलाई सही रुपमा व्यवस्थापन गर्न सकेमा चुनौतीबिच अवसर आउने सम्भावना छ। तर अहिले नै मूल्यवृद्धि हुने, रेमिट्यान्स घट्ने र उपभोग घट्ने स्थिति नबन्ने पौडेल बताउँछन्। अहिले अर्थतन्त्रलाई चलायमान बनाउन कृषि, एग्रो-प्रोसेसिङ इन्डस्ट्रीमा लगानी परिचालन र प्रोत्साहन गर्ने अवसर रहेको उनको भनाइ छ।

मध्यपूर्वको तनावले नेपालमा सबैभन्दा ठूलो प्रभाव पेट्रोलियम आपूर्तिमा रहेको नेपाल राष्ट्र बैंकका प्रवक्ता गुरुप्रसाद पौडेलले बताए। माघको मूल्यवृद्धि ३.२५ प्रतिशत छ, जबकि यो वर्षको औसत दर १.९७ प्रतिशत छ। त्यसले गर्दा केही मूल्य वृद्धि भएको खण्डमा पनि धेरै माथि जाने अवस्था नआउने उनले बताए। मुद्रास्फीति गाणना बास्केटमा यातायातको हिस्सा ६.२६ प्रतिशत छ।

# डिजिटल मार्केटिङ तालिम सुरु



बुटवल। रूपन्देही उद्योग संघ र इन्स्योर परियोजनाको सहकार्यमा स्थापित सीप विकास इकाईको आयोजना तथा सक्षम नेम एजुकेशन प्रा.लि.को समन्वयमा रूपन्देही आसपासका क्षेत्रमा विभिन्न उद्योगमा कार्यरत पेशाकर्मीहरूको सीप अभिवृद्धिका लागि १६ दिने निःशुल्क डिजिटल मार्केटिङ तालिम बुटवलमा औपचारिक रूपमा शुभारम्भ गरिएको छ।

रुपन्देही उद्योग संघका वरिष्ठ उपाध्यक्ष जीवकान्त काफ्लेको अध्यक्षता रहेको उद्घाटन समारोहमा बोल्दै डिजिटल युगमा व्यवसायको दिगोपनाका लागि डिजिटल मार्केटिङ अपरिहार्य रहेको कुरा उल्लेख गर्दै आजको प्रतिस्पर्धात्मक बजारमा उत्पादन मात्र उत्कृष्ट नभई त्यसलाई सही माध्यमबाट सही ग्राहकसम्म पुर्‍याउन महत्वपूर्ण विषय बनेको बताए। डिजिटल मार्केटिङले उद्योग व्यवसायलाई विश्व बजारसम्म जोड्ने सशक्त माध्यम प्रदान गर्ने, उद्योगीहरूको क्षमता अभिवृद्धि र प्रविधिमैत्री बनाउने दिशामा अग्रसर रहँदै आएको उनले जनाए। उनले यो तालिमले सहभागीहरुलाई व्यवहारिक ज्ञान र सीप प्रदान गरी उद्योगको उत्पादनशील तथा बजार विस्तारमा सेवा पुग्ने विश्वास व्यक्त गरे।

रूपन्देही उद्योग संघका प्रमुख कार्यकारी अधिकृत यादवप्रसाद भण्डारीले प्रशिक्षार्थीहरूलाई स्वागत गर्दै, डिजिटल प्रविधिको तीव्र विकाससँगै उद्योग व्यवसाय सञ्चालनको स्वरूपमा ठूलो परिवर्तन आएको र यस परिवेशमा उद्योगी तथा कामदारलाई समयानुकूल प्रदान हुने दायित्व भएको बताए। यस तालिममार्फत् सहभागीहरुले डिजिटल प्लेटफर्मको प्रभावकारी प्रयोग, ब्रान्ड प्रवर्द्धन, ग्राहक व्यवस्थापन तथा अनलाइन बजार विस्तारका महत्वपूर्ण पक्षहरू सिक्ने अवसर प्राप्त गर्ने उनले उल्लेख गरे। उनले यस प्रकारको तालिमले उद्योगमा कार्यरत जनशक्तिलाई आधुनिक बजार प्रणालीसँग जोड्न महत्वपूर्ण भूमिका खेल्ने बताए।

तालिमका प्रशिक्षक इञ्जिनियर अमृत रानाभाटले तालिमको संरचना, उद्देश्य र सिकाइ विधिबारे जानकारी गराउँदै सामाजिक सञ्जाल मार्केटिङ, कन्टेन्ट निर्माण, डिजिटल विज्ञापन, ब्रान्डिङ, ग्राहक पहुँच विस्तार तथा अनलाइन व्यापार रणनीतिबारे सैद्धान्तिक र व्यावहारिक ज्ञान प्रदान गरिने जानकारी दिए।

रूपन्देही उद्योग संघ सीप विकास इकाईका कार्यक्रम अधिकृत प्रदिप पन्थीको सञ्चालन रहेको कार्यक्रममा १८ उद्योगबाट २० जनाको सहभागिता रहेको छ। स्थानीय उद्योग तथा पेशाकर्मीलाई डिजिटल रूपमा सक्षम बनाउँदै विदेशी प्रविधि तथा जनशक्तिमा निर्भरता घटाई सम्मानित रोजगारी र आत्मनिर्भरता प्रवर्द्धन गर्नु तालिमको मुख्य उद्देश्य रहेको रूपन्देही उद्योग संघले जनाएको छ।

---

**लुम्बिनी...**

लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्हारक्याल लामाले लुम्बिनी आध्यात्मिक पर्यटनको विश्वस्तरीय गन्तव्य भएको उल्लेख गर्दै लुम्बिनीले विश्व शान्ति संवाद, अन्तर-सांस्कृतिक समझदारी तथा आध्यात्मिक चिन्तनका लागि विश्व केन्द्रको रूपमा भूमिका निर्वाह गर्न सक्ने बताए। महोत्सवले लुम्बिनीलाई अन्तर्राष्ट्रिय शान्ति केन्द्रका रूपमा थप स्थापित गर्ने विश्वास गरिएको बताए।

नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले तीन दिने महोत्सवको अन्तिम दिन शनिबार लुम्बिनीमा म्याराथुन आयोजना गरिएको बताए।

उनले चीनमा सबैभन्दा धेरै बौद्धमार्गी भएकाले पनि लुम्बिनीसँग यसको गहिरो सम्बन्ध रहेको उल्लेख गर्दै लुम्बिनीसँगै कपिलवस्तु, देवदह, रामग्रामसहितका बुद्धिस्थ केन्द्रहरुलाई ध्यानमा राखेर ओलम्पिक कमिटीले निरन्तर कार्यक्रम गरिरहेको जनाए।

महोत्सवअन्तर्गत शुक्रबार बिहान ध्यान कार्यक्रम भएको र साँझ ५:३० देखि ७:३० बजेसम्म लुम्बिनी पिस कन्सर्ट कार्यक्रम लुम्बिनी स्क्वायर थिएटरमा राखिएको लुम्बिनी विकास कोषका कार्यकारी सदस्य श्याम रोक्काले जानकारी दिए। कन्सर्टमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कलाकारहरूको सहभागिता रहनेछ। संगीतमार्फत् शान्तिको सन्देश प्रवाह गर्ने उद्देश्यले कन्सर्ट आयोजना गर्न लागिएको हो।

महोत्सवको अन्तिम दिन शनिबार बिहान ६:३० देखि १२ बजेसम्म लुम्बिनी अन्तर्राष्ट्रिय शान्ति म्याराथुन आयोजना गरिने छ। म्याराथुन पवित्र उद्यान क्षेत्रमै सञ्चालन हुनेछ। यसमा देश-विदेशका धावकहरूको सहभागिता रहने छ। आयोजकले देश-विदेशका आगन्तुक, पर्यटक, धर्मगुरु, कलाकार तथा खेलाडीहरूलाई महोत्सवमा सहभागी गराएको छ।

**रास्वपालाई...**

उनका अनुसार धेरैजसो रिपोर्टहरुमा आफ्नै पार्टीका संगठित नेता-कार्यकर्ताहरुबाट भोट नपाउँदा चुनावमा हार व्होर्नु परेको निष्कर्ष छ।

**प्रचण्ड र नेपाललाई पद छाड्न सुझाव**

नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्ड र सहसंयोजक माधव नेपाललाई चाँडो तेस्रो पुस्तामा नेतृत्व हस्तान्तरण गरेर बिदा हुन युवा नेताहरूले सुझाव दिएका छन्। केन्द्रीय कार्यालय पेरिसडाँडामा आयोजित जनसंगठनका इञ्चार्ज र पदाधिकारीहरूसँगको छलफलका क्रममा बालेन शाहसँगको प्रतिस्पर्धा अब प्रचण्ड माधवको पुस्ताले होइन नयाँ नेकपाको तेस्रो पुस्ताले मात्र गर्न सक्ने उनीहरूको भनाइ थियो।

महिला, विद्यार्थी, युवा, किसानलगायत जनसंगठनका इञ्चार्ज र महासचिवसम्मका पदाधिकारी सहभागी बैठकमा वाइसिएल अध्यक्ष पुष्प ओली, अखिल क्रान्तिकारीका उपाध्यक्ष बिराज थापालगायतले शीर्ष नेताको इतिहासको सम्मान गर्दै तेस्रो पुस्तालाई नेतृत्व सुम्पिनुपर्ने बताएका थिए।

सो बैठकमा प्रचण्डलाई सानो पार्टीको नेतामा सीमित नभई राष्ट्रको अभिभावक बन्न समेत केहीले सुझाएका थिए। चौथो पार्टीको संसदीय दलको नेता प्रचण्ड होइन अब युवालाई बनाउन पनि बैठकमा प्रस्ताव आएको एक सहभागीले बताए।

सल्यानबाट जितेका रमेश मल्ल, रुकुम पश्चिमबाट जितेका गोपाल शर्मा, सिन्धुपाल्चोकबाट जितेका युवराज दुलालमध्येबाट दलको नेता, उपनेता र प्रमुख सचेतक बनाउन युवाहरूले सुझाव दिएका थिए। बैठकमा सहभागी एक नेताले भने-चाँडो महाधिवेशन गरेर तेस्रो पुस्तालाई नेतृत्व हस्तान्तरण गरौं भन्ने सबैको कुरा आयो। सारमा भन्ने हो भने प्रचण्ड र माधवले चुनावी पराजयको जिम्मा लिएर राजीनामा दिनुपर्छ भन्ने नै कुरा हो।

बैठकमा नेकपाको जम्बो केन्द्रीय समिति भंग गरेर छरितो बनाउन र चुनावमा भोट हाल्नै नजाने र गएर पनि घण्टीमा हाल्नेहरूको पहिचान गरी बिदा गर्न आग्रह समेत गरेका थिए।

**कांग्रेस...**

नेपाली कांग्रेसका नेता अजनीति र नयाँ दृष्टिकोण नदिएको, परिवर्तित समय र जेनजी आन्दोलन सम्बोधन नगरेर गएको भए परिणाम अहिले भन्दा झन कमजोर हुन्थ्यो,' केसीले भने-'विशेष महाधिवेशनले आम कार्यकर्ताको बिचमा उत्साहका साथ जाने वातावरण बन्यो। त्यसैले दोस्रो भयौं।'

कसैले दोष दिने काम गर्नेभन्दा सबै कांग्रेस मिलेर मिलाएर जानुपर्ने उनले बताए। त्यो वातावरण केन्द्रीय समितिले मिलाउनुपर्ने उनको सुझाव छ।

अर्को प्रसंगमा उनले आफू संसदीय दलको नेता हुँदा वा नहुँदा पनि पार्टी र देशको हितमा बोलिराख्ने बताए।

नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले जारी केन्द्रीय समिति बैठकमा धारणा राख्ने सदस्यहरूले सभापति गगन थापाले दिएको राजीनामा अस्वीकार गर्ने पक्षमा धारणा राखिरहेको बताएका छन्। शुक्रबार दिउँसोबाट सुरु भएको केन्द्रीय समिति बैठकपछि पत्रकारसँग कुराकानी गर्दै प्रवक्ता चालिसेले यस्तो बताएका हुन्।

'पार्टी सभापतिको राजीनामा पार्टी बैठकमा विधिवत् रूपमा आएको छ। त्यसमाथि साथीहरूले धारणा राख्ने क्रम चलिरहेको छ,' चालिसेले भने-'उहाँले नैतिकताको कुरा उठाए पनि यो परिस्थिति सम्हालिने, जिम्मेवारी लिने र पार्टी पुनर्निर्माण गर्ने हो भनेर बहुसंख्यक साथीहरूले राजीनामा अस्वीकृत गर्नुपर्छ भनिरहेका छन्।'

अहिलेको निर्वाचन नतिजा सभापति थापाको कमजोरीसँग जोडिएर नआएको पनि उनले दाबी गरे। 'निर्वाचनको परिणाम व्यक्तिसँग जोडिएको थिएन। लामो समयदेखिको थियो। ५० दिनको समय मात्रै सम्हाल्ने मौका पाएका हौं। ५० दिनको मेहनत पर्याप्त थिएन। त्यसैले यो परिणाम आएको हो।'- चालिसेले भने।

**लुम्बिनी...**

कार्यक्रममा बुटवल उप-महानगरपालिकाका उप-प्रमुख सावित्रा अर्याल, स्वास्थ्य सचिव दुर्गालक्ष्मी श्रेष्ठलगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

अस्पतालका सुपरिटेन्डेन्ट डा. इन्द्र ढकालले अस्पतालको प्रगति र भावी योजनाबारे जानकारी दिएको कार्यक्रममा अवकाशप्राप्त कर्मचारीहरूलाई कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो।

साथै २५ वर्ष सेवा अवधि पूरा गरेका कर्मचारीहरूलाई दीर्घ सेवा पदक प्रदान गरिएको थियो। यसैगरी लुम्बिनी प्रदेशका स्वास्थ्य सचिव तथा पूर्व नर्सिङ प्रशासक दुर्गालक्ष्मी श्रेष्ठलाई विशेष सम्मान गरिएको थियो। कार्यक्रमको सहजीकरण अस्पतालका प्रशासन प्रमुख प्रेम गौतमले गरेका थिए।

**VACANCY ANNOUNCEMENT BUTWAL**

1. Regional Centre ECHS Nepal, Defence Wing, Embassy of India invites applications for the following posts at ECHS Polyclinic, Butwal:-
   (i) Gynecologist-01
   (ii) Medical Specialist-01
2. For qualification, work experience, salary, terms & conditions and other details, see website. www.indembkathmandu.gov.in
3. Applications to be submitted at the following address till 02 Apr 2026.

**OIC ECHS Polyclinic Butwal,**
**c/o District Soldier Board, Foolbari,**
**Butwal. Mob - 9857082826**

---

**शेक्सपियरको...**

गुलाब हटाएर त्यहाँ कालो धब्बा छोडेको छ
विवाहको करारलाई जसले
जुवाडेको कसम जस्तो भूठो बनाएको छ।

अब ह्याम्लेटको व्यवहार देखी राजा पनि त्रस्त हुन्छन् र उसलाई देश निकाला गर्ने उपाय गर्छन्। तर ह्याम्लेट प्रजाको प्रियपात्र छ, कुनै बहाना नदेखाइ देशनिकाला गर्नु राजाको निम्ति उकालो काम छ। तर अहिले पोलिनियसको हत्या नै एउटा बहाना भएर आएको छ। यही मौका देखी राजाले ह्याम्लेटलाई इङ्लैण्डमा पठाई त्यहीं उसको हत्या गराउने भित्री बन्दोबस्ट गर्छन् र यो काम सुम्पेर एउटा चिठी लेखी रोजेनक्रात्स र डिल्डनस्टर्नलाई ह्याम्लेटसित पठाउँछन्। तर ह्याम्लेट खुबै युक्तिसित त्यहाँबाट उम्केर डेनमार्क फर्कन्छ। डेनमार्कमा उत्रेपछि ह्याम्लेटले होरेशियो र राजालाई आफू आइपुगेको खबर पठाउँछ।

यही बेला ओफेलियाको मृत्यु भएको हुन्छ। प्रेमिकाको अनौठो व्यवहारले उ दुःखी थिई, अहिले बाबुको हत्या भएको देखी उ बौलाही भई डुबेर मर्छे। ओफेलियाको लाश देखेर ह्याम्लेट दुःखले विह्वल हुन्छ। चिहानमा हाम फालेर आफेलियाको दाजु लेयरटससँग जुझ्न थाल्दछ। लेयरटसलाई पितृहत्याको बदला लिने सूर थियो र उसले ह्याम्लेटलाई दुःखको कारण उही हो भनी मार्न चाहन्छ।

राजाले अब ह्याम्लेटलाई लेयरटससँग भिडाएर मार्ने विचार गर्छन्। तरबारको खेलको आयोजना गरिन्छ। लेयरटसको तरबार नाङ्गो र विषालु हुन्छ। राजाको आदेशानुसार त्यहाँ विष हालेको रक्सी पनि राखिएको हुन्छ, कदाचित् ह्याम्लेटको जीत भयो भने उसलाई त्यही रक्सी पिउन दिने राजाको अभिप्राय हुन्छ। खेल हुँदाहुँदै रानी उत्तेजित भएर विषको प्याला पिउन थाल्छिन्। लेयरटसले ह्यालेटलाई चोट पुर्‍याउँछ, तरबार नाङ्गो देखेर ह्याम्लेट क्रुद्ध बन्दछ र लेयरटससँग तरबार खोसेर उसलाई हान्दछ। उता रानी विषको असरले जमीनमा लड्दछिन्।

लेयरटस मर्ने बेलामा सम्पूर्ण अपराध राजाको हो भन्दै कराउँछ। ह्याम्लेटले राजालाई त्यही तरबारले हान्दछ। ह्याम्लेटलाई पनि विषय लागेको हुनाले उसको बाँच्ने कुनै उपाय हुँदैन। मर्ने बेलामा उसले यो सम्पूर्ण गाथा विश्वलाई सुनाइदिनु भनी होरेशियोलाई भन्छः

तिमीले मलाई
तिम्रो हृदयले माया गरेका छौं भने
छोडिदेऊ आफ्नो खुशी केही बेरका
निम्ति
अनि यस निष्ठूर दुनियाँमा
दुःखको सास फेर्दै
मेरो कहानी भन्नका निम्ति बाँच!

(स्रोतः 'दश महान् नाटक–अध्ययनहरू)

**श्री कालिका माध्यमिक विद्यालय**
**कावासोती–५, लक्ष्मीनगर**
**स्थाः२०३७**

**क्याटलग/ब्रोसर सपिङ विधिबाट सवारी साधन खरिद सम्बन्धी सिलबन्दी प्रस्ताव आह्वानको सूचना**

**प्रथम पटक प्रकाशितमिति : २०८२/१२/०७ गते**

यस विद्यालयको लागि देहाय बमोजिमको सवारी साधन सार्बजनिक खरिद ऐन, २०६३ ( पहिलो संशोधन २०७३ ) को दफा ८ को उपदफा १ क (८) तथा सार्बजनिक खरिद नियमावली, २०६४ (चौथो संशोधन ) को नियम ३१ (ख) बमोजिम त्यस्ता सवारी साधन उत्पादक कम्पनीवा सो को आधिकारिक बिक्रेताहरु बीच प्रतिस्पर्धा गराउने (क्याटलग सपिङ) विधिबाट खरिद गर्नुपर्ने भएकोले सार्बजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) को नियम ३१ (ख) को उपनियम २ अनुसार देहाय बमोजिम सवारी साधनको उत्पादक वा आधिकारिक बिक्रेताहरुबाट उक्त सवारी साधन बिक्रि गर्न नेपाल सरकारको सम्बन्धित निकायबाट प्राप्त भएको अनुमतिपत्र, सो को नवीकरण, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब. २०८१/०८२ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र, उक्त सवारी साधन सप्लाई गरेको हाल सम्मको विस्तृत विवरण, सम्बन्धित कार्य अनुभवको प्रमाणपत्रहरुको प्रतिलिपि, उत्पादनको आधिकारिक प्राविधिक स्पेशिफिकेशन, मूल्य, गुणस्तर तथा सुविधा सहितको विवरण (क्याटलग वाब्रोसर) संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले १५ औ दिन (२०८२/१२/२१) दिनको १२:०० बजे सम्म यस विद्यालयमा छुट्टा छुट्टै निवेदन दर्ता गराउन आह्वान गरिएको छ। दर्ता गरिएका सिलबन्दी प्रस्तावहरु सोही दिन दिनको १३:०० बजे खोलिने छ। पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा बिदा पछिको कार्यालय खुलेको दिन पनि पेश गर्न सकिनेछ।

| सि.नं. | बोलपत्र नं. | साधनको नाम | सक्षिप्त विवरण | कैफियत |
|---|---|---|---|---|
| १. | ०२-२०८२-०८३ | School Bus | Diesel Engine, Developing maximum rated power output not less than 90KW & maximum torque not less than 350 NM at governed RPM | संक्षिप्त विवरणमा उल्लेख नभएका कुराहरु स्वीकृत टेक्निकल स्पेसिफिकेशन बमोजिम हुनेछ। |

**प्रधानाध्यापक**

कला, सिप, संस्कृति, सभ्यता र सम्पदा हाम्रो पहिचान
विभेद मुक्तः बुटवल सहर हाम्रो अभियान।

**भेदभाव तथा छुवाछुत विरुद्धको सचेतनामूलक**

**सूचना**

सूचना प्रकाशित मितिः २०८२/१२/०७

(१)जातीय भेदभाव वा छुवाछुत कानुन बमोजिम दण्डनीय अपराध हो।
(२) सार्वजनिक वा निजि कुनै पनि स्थानमा जातीय भेदभाव वा छुवाछुत गर्नु गराउनु हुँदैन।
(३) कुनै पनि व्यक्तिलाई प्रथा परम्परा धर्म संस्कृति रितिरिवाज, जातजाति वंश समुदाय पेशा व्यवसाय वा शारिरिक अवस्थाको आधारमा तथा अन्य सामाजिक छुवाछुत जन्यकुनै काम गरे वा गराएमा जातीय तथा अन्य छुवाछुत र भेदभाव कसुर र सजाय ऐन २०६८ अनुरुप निम्नवमोजिम दण्ड जरिवाना रहेको छ।

| कसुर | | सजाय |
|---|---|---|
| क | जातीय छुवाछुत वा भेदभाव हुने कार्य गर्न कसैलाई भड्काउने उस्काउने वा त्यस्तो कार्य गर्न दुरुत्सान हुने कुनै कार्य गरेमा र त्यस्तो क्रियाकलाप जानी जानी सहभागी भएमा। | ३ महिना देखि ३ बर्ष सम्म कैद र पचाँस हजार देखि दुई लाख रुपैया सम्म जरिवाना वा दुबै सजाय हुन सक्ने छ। |
| ख | कुनै पनि पेशा, व्यवसाय गर्न प्रतिबन्ध वा रोक लगाएमा कुनै पेशा वा व्यवसाय गर्न बाध्य पारेमा साथै कुनै धार्मिक कार्यबाट बञ्चित गरेमा। | |
| ग | व्यक्तिगत वा सामुहिक रुपमा सार्वजनिक स्थान वा समारोह बाट निष्कासन सामाजिक बहिस्कार वा कुनै प्रकारको भेदभाव गर्नु वा अन्य कुनै किसिमको असहिष्णु व्यवहार प्रदर्शन गरेमा। | |
| घ | सार्वजनिक सेवाको प्रयोग गर्न बाट बञ्चित गरेमा वा सार्वजनिक रुपमा आयोजना हुने कुनै कार्य गर्नबाट बञ्चित गरेमा साथै मठमन्दिर सार्वजनिक स्थल (पाटि, पौवा, होटल साथै भाडा प्रयोजनमा राखिएका व्यक्तिगत घरहरुमा समेत जातिय आधारमा भेदभाव वा भेदभाव सम्बन्धि आशय गरेमा। | |
| ङ | कुनै बस्तुको सेवा वा सुविधा उत्पादन गर्ने र बिक्रि वा वितरण गर्नबाट रोक्न वा रोक लगाएमा। | २ महिना देखि २ बर्ष सम्म कैद र बिस हजार रुपैया देखि दुई लाख सम्म जरिवाना वा दुवै सजाय हुन सक्ने छ। |
| च | कसैले जात वा जातीका आधारमा परिवारका कुनै सदस्यलाई बहिष्कार गर्ने, घरभित्र प्रवेश गर्न नदिने वा घर वा गाउँबाट निकाल्ने वा निस्कन बाध्य तुल्याएमा। | |

जातिय भेदभाव वा छुवाछुत सम्बन्धि उजुरि दर्ता गर्ने निकाय
(१) स्थानिय तह
(२) प्रहरी कार्यालय
(३) राष्ट्रिय दलित आयोग
(४) अदालत

**बुटवल उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**समानता, स्वाभिमान र अवसरः बस्न योग्य बुटवल सहर**

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल–१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# आज मुस्लिम समुदायले इद मनाउँदै



मोहम्मद हबिब
*भैरहवा*

मुस्लिम धर्मावलम्बीहरुले ३० दिनको रोजा पूरा गरेर आज शनिबार इद मनाउँदै छन् । शुक्रबार सूर्यास्तपछि सव्वाल महिनाको चन्द्रमा देखिएपछि रमजानको बिदा गर्दै इद उलफित्र अर्थात् इद मनाएका हुन् । सामान्यतया इस्लामिक महिना २९ र ३० दिनको बिहीबार २९ दिनमा चन्द्रमा नदेखिएपछि शनिबारको लागि इद तय भएको हो । शुक्रबार मुस्लिम समुदायले अलबिदाको नमाज पनि अदा गरेका छन् । पवित्र ग्रन्थ कुरान अवतरण भएको महिना रमजान मुस्लिम समुदायको पवित्र महिना पनि हो । इद भैरहवासहित देश विदेशभरि धुमधामका साथ मनाइँदै छ । साउदीलगायतको खाडी मुलुकमा भने शुक्रबार र नै इद मनाइएको छ । आत्मसंयम र शुद्धिका लागि एक महिनासम्म रमजानको रोजा (व्रत) सकिएको भोलिपल्ट इद मनाइने गरिन्छ । रमजान उर्दु क्यालेन्डरको नवौं महिना हो ।

यस क्षेत्रका मुस्लिमहरु स्थानीय गल्लामण्डीको ईदगाह, बसडीलियालगायतका इदगाह र केही मस्जिदहरुमा बिहान ८ बजेदेखि ९ बजेको समयमा सामूहिक इदको नमाज पढिन्छ भने रूपन्देहीसहित विभिन्न स्थानमा रहेको इद गाहमा पनि इद को नमाज पढिएको छ । इद गाह नमाज पढ्न बनाइएको विशेष खुल्ला ठाउँ हो, खुल्ला अकाशमुनि पढिने नमाज वर्षको दुई पटक मात्रै इद गाहमा मुस्लिम समुदायले सामूहिक रुपमा २ रिकात नमाज पढे । इस्लाम धर्मको महान पर्व (इदुल फित्र) इद र (ईदुलअजहा) बकरइदको दिन मात्रै मुस्लिम समुदाय एकत्रित भई इद गाहमा नमाज पढ्ने गर्छन् ।

इदको दिन बिहानै नुहाइधुवाइ गरी सुकिला, सफा कपडाका साथमा बासनादार अत्तर लगाइ इद गाह वा मस्जिदमा जम्मा भई समूहमा नमाज पढिन्छ । प्रार्थनामा सम्पूर्णको स्वास्थ्य, शान्ति र अमनचयनको कामना गर्ने गरिन्छ । सोपश्चात् एकआपसमा गला मिलाएर इद मुबारक भन्दै एकआपसमा शुभकामना साटासाट गर्ने नमाजपछि इदको विशेष परिकार सेवइका साथै अन्य मिठाइका परिकारहरु र खानेकुरा खाएर शुभकामनासहित पाहुनाहरुलाई स्वागत गर्छन् ।

विपन्न, अशक्त, टुहुरा, असहाय आदिलाई दान दिएर खुशी पार्नु पर्ने यो चाडको प्रमुख विशेषता हो । इदको पूर्वसन्ध्यामा रमजानको महिनामा गरिने उपासनाबाट अन्य महिनाभन्दा ७० गुणा बढी लाभ मिल्ने धार्मिक विश्वास छ ।

इद उल-फित्रकै अवसरमा सरकारले बिदा समेत दिएको छ ।

एक महिनासम्म चल्ने रमजानमा इस्लाम धर्मावलम्बीहरुले उपवास (व्रत) बस्नुपर्छ, जसलाई 'रोजा' भनिन्छ । रोजामा इस्लाम धर्मावलम्बीहरु बिहान सूर्य उदाएदेखि सुर्यास्त नहुँदासम्म प्रत्येक दिन एक महिनासम्म पानी समेत नखाइ ब्रत बस्ने गर्छन् ।

सूर्य उदाउनुभन्दा लगभग दुई घन्टा अगाडि केही खानेकुरा (सेहरि) खाई सुरु गरिएको (व्रत) रोजा सूर्यास्त भइसकेपछि अफतारी (व्रत तोड्नु)गरी रोजा खोल्नुपर्छ । रोजाको समयमा मुसलमान निराहार यहाँसम्मकी जानेर थुक पनि निल्नु हुँदैन ।

रोजा जस्तो कठिन व्रत गर्ने व्रतालुले यस महिनालाई पवित्र महिनाका रुपमा लिएको पाइन्छ । रोजा अशक्त, बिरामी र बालबालिकाबाहेक सबैलाई अनिवार्य छ । तीस दिनको यो रमजान महिनालाई तीन भागमा बाँडिएको छ । पहिलो १० दिनको अवधिलाई बरक्कत (फलिफलाप), दोस्रो १० दिनको अवधिलाई रहमत (दया-माया) र अन्तिम १० दिनको अवधिलाई मगफिरत (अल्लाहबाट माफी) पाउने मुसलमानले यी तीन कुरा प्राप्त गर्न अल्लाहको आदेशलाई पालना गर्न रोजा बस्ने गर्छन् ।

झूटो नबोल्नु, शान्तिले बस्नु र गरिब तथा दीनदुःखीलाई दान र दया गर्नु यो पर्वको विशेषता हो । रमजान महिना गरिब, दिनदुःखी र असहायका लागि नराम्रो नहोस् भन्ने दृष्टिकोणबाट अल्लाहले इस्लाम धर्ममा यस महिनाका लागि विशेष व्यवस्था गरेका छन् ।

यस महिनामा प्रत्येक मुसलमानले जनही एक किलो ७५० ग्राम गहुँ वा सो बराबरको मूल्य फित्तरा निकाल्नुपर्छ भने वर्षभरिको आम्दानी र सम्पत्तिबाट अढाइ प्रतिशत जकात (कर) निकाल्नुपर्छ, यस्तो फित्तरा र जकात गरिब, असहाय, दिनदुःखी मस्जिद वा मदरसामा दिनुपर्छ । फित्तरा र जकात इद,लफित्र अर्थात् इदको नमाज पढ्नुभन्दा अगावै निकाली सक्नुपर्छ । यो नेपालमा मात्र नभई संसारभरिकै मुसलमानमा लागू हुन्छ । अल्लाहका लागि त्याग, समर्पण र बलिदानको भावना जागृत भएर आउने रमजान महिनामा मुसलमान आस्था र विश्वासलाई अझ दृढ बनाउन मद्दत गर्ने मान्यता रहेको छ ।

रोजाको अवधिमा शारीरिक रुपमा दुब्लाए पनि मानसिक रुपमा निकै गौरवान्वित ठान्ने मुस्लिमले इस्लाम धर्मका पाँच आधारभूत सर्त कलमा, रोजा, नमाज, जकात र हजअन्तर्गत हजबाहेक सबै आधारभूत सर्तहरु पूरा गर्ने अवसर प्राप्त गर्छन् ।

इदको ७०औँ दिनमा बकरिद अर्थात् 'इदउलअजहा' पर्व मनाउने गरिन्छ । जसकोलागि मुस्लिमहरु 'हज' का लागि साउदी अरबको मक्का मदिना जाने पनि गर्छन् ।

# चैत १६ देखि आठौं खुल्ला तथा चौथो मेयरकप लनटेनिस



बुटवल । रुपन्देही लन टेनिस संघको आयोजनामा चैत १६ गतेदेखि आठौं बुटवल खुल्ला लन टेनिस तथा चौथो मेयरकप प्रतियोगिता-२०८२ हुने भएको छ। प्रतियोगिताको तयारी तीव्ररुपमा अघि बढेको संघका अध्यक्ष विष्णुप्रसाद चापागाईंले जानकारी दिए ।

प्रतियोगिताको तयारीका बारेमा जानकारी गराउने उद्देश्यले आयोजित पत्रकार सम्मेलनमा अध्यक्ष चापागाईंले प्रतियोगितामा पुरुष तथा महिला एकल र डबलगरी कुल ११ विधामा प्रतिष्पर्धा गराइने बताए । प्रतियोगितामा देशभरका २ सयभन्दा बढी पुरुष तथा महिला खेलाडीको सहभागिता हुने र खेलहरु नेपाल लनटेनिस संघको स्वीकृति र अन्तर्राष्ट्रिय खेल नियम र मान्यताअनुसार सञ्चालन गरिने अध्यक्ष चापागाईंले बताए । जसमा वरियतामा प्रथम, द्वितीय, तेस्रो रहेका खेलाडीहरुले प्रतियोगितामा भाग लिने छन् । जसमा एकलतर्फ पुरुष महिला एकल, पुरुष ३५ प्लस, पुरुष ४५ प्लस, पुरुष ५५ प्लस, पुरुष ६५ प्लस गरी ६ विधा रहने छन् भने डबल्सतर्फ पुरुष डबल्स, महिला डबल्स, पुरुष ३५ प्लस, पुरुष ४५ प्लस र पुरुष ५५ प्लस गरी पाँच विधा रहेका छन् ।

एकलतर्फ पहिलो, दोस्रो र तेस्रो हुनेलाई नगदसहित शिल्ड, पदक र प्रमाणपत्र प्रदान गरिने छ भने डबल्सतर्फ पहिलो र दोस्रो हुनेलाई मात्र पुरस्कारको व्यवस्था गरिएको संघका सचिव मनोज नेपालले जानकारी दिए । प्रतियोगिता चैत्र १६ देखि २० गतेसम्म लनटेनिस संघको बुटवल-११, देवीनगरस्थित टेनिस कोर्टमा आयोजना हुनेछ । प्रतियोगिता सम्पन्न गर्नका लागि कुल रु. २६ लाख ६७ हजार ५०० रुपैया खर्च लाग्ने अनुमान गरिएको सचिव नेपालले बताए ।

बुटवल लनटेनिस क्लबले २०५७ सालबाट राजधानी बाहिर सुरु गरेको राष्ट्रियस्तरको लनटेनिस प्रतियोगिता संघले निरन्तर आयोजना गर्दै आएको छ । खुल्ला रुपमा आयोजना गरिने प्रतियोगितामा खेलाडीहरुको सहभागिता पनि खुल्ला नै रहनेछ । यस प्रतियोगिताको मुख्य उद्देश्य भनेको यस क्षेत्रमा लनटेनिस खेलको विकास गर्ने, प्रवर्द्धन गर्ने, नयाँ युवा खेलाडीहरुका लागि रुचि बढाउने वातावरणको सिर्जना गर्ने रहेको छ । प्रतियोगिताको आयोजनाले यस क्षेत्रमा लनटेलिस खेलसँगै भौतिक संरचनाको थप विकास हुने विश्वास लिएको संघका द्वितीय उपाध्यक्ष अनिल सेन्चुरीले बताए । प्रतियोगिता सम्पन्न गर्न बुटवल उप-महानगरपालिका तथा अन्य संघसंस्था, व्यक्तिहरु तथा सहभागी खेलाडीबाट प्रवेश शुल्कबाट संकलन हुने रकमबाट सम्पन्न गरिने संघले जनाएको छ ।

# कालोबजारी रोक्न उद्योग व्यापार संघको माग



बुटवल । अमेरिका-इरानबिच बढ्दो तनावका कारण पेट्रोलियम पदार्थको आपूर्ति तथा मूल्यमा आएको उतार-चढावको प्रत्यक्ष प्रभाव नेपाली बजारमा समेत देखिन थालेकोप्रति उद्योग व्यापार संघ बुटवलको गम्भीर ध्यानाकर्षण भएको छ ।

अन्तर्राष्ट्रिय परिस्थितिलाई बहाना बनाउँदै केही व्यक्ति तथा समूहले पेट्रोलियम पदार्थलगायत दैनिक उपभोग्य वस्तुहरूमा कृत्रिम अभाव सिर्जना गर्ने, अनावश्यक मूल्यवृद्धि गर्ने तथा कालोबजारी गर्ने जस्ता गतिविधि बढिरहेकोमा संघले जिल्ला प्रशासन कार्यालय रुपन्देहीलाई ज्ञापनपत्र बुझाएर कालोबजारी र कृत्रिम अभाव रोक्न माग गरेको छ । संघका अध्यक्ष लोकनाथ पन्थी, वरिष्ठ उपाध्यक्ष पदम जीसी, महासचिव विजय आचार्य, कोषाध्यक्ष सौरभ भुसाललगायतको टोलीले रुपन्देहीका सहायक सीडीओ मेघनाथ पाध्यालाई ज्ञापनपत्र बुझाउँदै आम उपभोक्ता, उद्योग तथा व्यापार क्षेत्र सबैमा नकारात्मक प्रभाव पार्ने कालोबजारी र कृत्रिम अभाव कडाइका साथ रोक्न ध्यानाकर्षण गराएको हो ।

संघले अन्तर्राष्ट्रिय बजारको परिस्थितिलाई आधार बनाई स्थानीय बजारमा कृत्रिम अभाव सिर्जना गर्ने तथा अस्वाभाविक मूल्यवृद्धि गर्ने प्रवृत्ति नियन्त्रण गर्न तत्काल सशक्त र प्रभावकारी बजार अनुगमन संयन्त्र परिचालन गर्न माग गरेको छ ।

यस्तै उद्योग, व्यवसाय तथा आम उपभोक्तालाई आवश्यक पर्ने इन्धनको सहज उपलब्धता सुनिश्चित गर्न पर्याप्त मौज्दात व्यवस्थापन र आपूर्ति प्रणालीलाई व्यवस्थित बनाउनेतर्फ सरकारबाट विशेष पहल गर्न माग गरेको छ ।

यस्तै संकटकालीन अवस्थालाई अवसरका रूपमा प्रयोग गर्दै सामान लुकाउने, कालोबजारी गर्ने वा अनावश्यक मूल्यवृद्धि गर्ने व्यक्तिहरूलाई कानुनी दायरामा ल्याई कडा कारबाही गर्न प्रशासनसमक्ष आग्रह गरेको छ ।

संघले सम्पूर्ण उद्योगी तथा व्यवसायीहरूलाई संवेदनशील परिस्थितिमा उपभोक्ताको हितलाई प्राथमिकतामा राख्दै उच्च व्यावसायिक नैतिकता कायम गर्न तथा कुनै पनि प्रकारको गैरकानुनी गतिविधिमा संलग्न नहुन हार्दिक अपिल गरेको छ ।

इन्धनको मूल्यवृद्धिका कारण उत्पादन, ढुवानी तथा सेवा क्षेत्रको लागत बढ्ने अवस्थालाई ध्यानमा राख्दै उद्योग तथा व्यापार क्षेत्रलाई संरक्षण गर्न सरकारले कर सहुलियत, ढुवानी सहुलियत वा विशेष राहत प्याकेज घोषणा गर्नुपर्ने संघको सरकारसँग माग छ ।

वर्तमान चुनौतीपूर्ण परिस्थितिमा देशको अर्थतन्त्रलाई सुदृढ बनाउन र आम उपभोक्ताको हित संरक्षण गर्न सरकार, निजी क्षेत्र तथा सरोकारवाला निकायहरूबिच समन्वय र सहकार्य अत्यन्त आवश्यक रहेको उद्योग व्यापार संघ बुटवलको ठहर छ । यस दिशामा संघ सधैँ सरकारसँग सहकार्य गर्न प्रतिबद्ध रहेको महासचिव आचार्यले बताए ।

# हाटबजार व्यवसायी संघ रूपन्देहीको ११औं अधिवेशन चैत १५ गते हुँदै




बुटवल । हाटबजार व्यवसायी संघ रुपन्देहीको वार्षिक साधारणसभा तथा ११औं अधिवेशन यही चैत १५ गते बुटवलमा हुने भएको छ ।

संघको माघ २५ गते बसेको बैठकको निर्णयबाट वार्षिक साधारणसभा तथा अधिवेशन हुन लागेको हो । अधिवेशनका लागि संघले विभिन्न उप-समितिहरु बनाएको छ ।

संघका रुपन्देही अध्यक्ष हुमाराम पोखरेलको संयोजकत्वमा प्रतिवेदन लेखन तथा छपाई उप-समिति चयन गरेको छ ।

जसको सदस्यहरुमा महासचिव जयन्त घर्ती र कोषाध्यक्ष यादवकुमार बेल्बासे रहेका छन् । त्यस्तैगरी प्रमुख अतिथि तथा अतिथि उप-समितिमा अध्यक्ष हुमाराम पोखरेल संयोजक रहने गरी उपाध्यक्ष टीका भट्टराई, महासचिव जयन्त घर्ती र पूर्व अध्यक्ष भीमलाल ज्ञवाली सदस्य रहेका छन् ।

त्यस्तैगरी प्रचारप्रसार उप-समितिको संयोजकमा संघका उपाध्यक्ष रबिलाल पाण्डे रहेको संघका ५ वटा शाखाका अध्यक्ष र सचिवसहित ७ जना सदस्य चयन भएका छन् । यसैगरी हल तथा चियापान व्यवस्थापन समिति संयोजकमा कोषाध्यक्ष यादवकुमार बेल्बासे रहनेगरी ६ सदस्यीय समिति निर्माण गरिएको छ ।

त्यस्तैगरी व्याज, ब्यानर र सम्मान व्यवस्थापनमा संघका सचिव ईश्वरचन्द्र भट्टराईको संयोजकत्वमा नेत्र पोखरेल र श्यामलाल खनाल सदस्य रहेका छन् ।

त्यस्तैगरी मूल्यांकन तथा सम्मान संयोजकमा संस्थाका पूर्व अध्यक्ष भीमलाल ज्ञवाली रहेका छन् भने छबिलाल चापागाईं, कृष्णप्रसाद पौडेल, मेघराज खनाल र नेत्र प्रसाद पोखरेल सदस्य रहेका छन् ।

त्यस्तैगरी रक्तदान कार्यक्रमको संयोजकत्वमा डोलराज फुल्लेलसहित ५ सदस्यीय उपसमिति निर्माण गरिएको छ । स्वयंसेवक मण्डलको संयोजकत्वमा अनुगमन समिति संयोजक डोरप्रसाद पोखरेल रहेको १३ सदस्यीय उप-समिति चयन गरिएको छ । यसैगरी निर्वाचन मण्डलको संयोजकमा कृष्ण चौहान क्षेत्री चयन भएका छन् भने सदस्यहरुमा लिलाराम पाण्डे र महेन्द्रप्रसाद श्रेष्ठ रहेका छन् ।

२०६३ सालमा स्थापना भएको संस्थामा सैनामैना, देवदह, तिलोत्तमा, शुद्धोधन र कञ्चन गरी ५ वटै शाखामा करिव ५ हजार जनाभन्दा बढी व्यवसायी आबद्ध रहेका छन् भने ५० हजार बढी लाभान्वित भएको संस्थाका सचिव ईश्वरचन्द्र भट्टराईले बताए ।

# हृदयघातमा प्राथमिक उपचारसम्बन्धी जनचेतना

बुटवल । भूतपूर्व विद्यार्थी समाज बुटवल बहुमखी क्याम्पसको आयोजना र क्रिमसन अस्पताल मणिग्रामको सहयोगमा आकस्मिक रुपमा हुने हृदयघातमा प्राथमिक उपचार सम्बन्धी जनचेतनामूलक कार्यक्रम बुटवल बहुमखी क्याम्पसमा सम्पन्न भएको छ ।

क्याम्पसका प्राध्यापक, कर्मचारी र बीबीए अध्ययनरत विद्यार्थीहरुका लागि आयोजित कार्यक्रममा क्रिमसन अस्पतालका मेडिकल अधिकृतहरु डा.अजय पाण्डे र डा.रक्षा ज्ञवालीले हृदयघात र त्यसपछि गर्नुपर्ने उपचारका बारेमा जानकारी दिएका थिए ।

पछिल्लो समयमा समाजमा हृदयघातका घटना बढिरहेका छन् । हृदयघात भएपछि मष्तिष्कमा अक्सिजन र रगतको मात्रा पुग्न सकेन भने उपचार पाए पनि मष्तिष्क बचाउन सकिंदैन । त्यस्तो अवस्थामा बिरामीलाई सजिलो गरी सुताएर मुटुमा पम्प दिने तथा मुखबाट फुकेर श्वास दिई केहि समयका लागि मष्तिष्क बचाउन सकिन्छ ।

डा.पाण्डे र डा.ज्ञवालीले डमीको प्रयोगबाट हृदयघातपछि के के गर्ने भनेर व्यवहारिक रुपमा सिकाएका थिए ।

समाजका अध्यक्ष कुलमणि ज्ञवालीको अध्यक्षता र क्याम्पसका क्युएए इञ्चार्ज प्राध्यापक तिलक भुसालको सञ्चालनमा भएको सो कार्यक्रममा क्याम्पस प्रमुख डा.अरुण क्षेत्रीलगायतको पनि सहभागिता थियो ।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com